# विपद् पूर्वतयारी, प्रतिकार्य तथा आर्थिक पुर्नलाभ योजना, २०८०

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

माण्डवी गाउँपालिका
जस्पुर, प्युठान

**दस्तावेज :** विपद् पूर्वतयारी, प्रतिकार्य तथा आर्थिक पुर्नलाभ योजना, २०८०

**प्रकाशक :** स्थानीय विपद् व्यवस्थापन समिति, माण्डवी गाउँपालिका, प्युठान

**प्रकाशन मिति :** २०८०

**आर्थिक सहयोग** : अष्ट्रेलियन सरकारको आर्थिक सहयोग (आड्रा नेपाल)

**प्राविधिक सहयोग** : फुलवारी एकिकृत ग्रामिण विकास संस्था (FIRDO) नेपाल प्युठान ( PERCAV परियोजना)

**सर्वाधिकार :** माण्डवी गाउँपालिका, प्युठान

**परामर्शदाता :** लक्ष्य ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर प्रा. लि, कैलाली

# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८४७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स २०७९/०८०
च.नं.

## दुई शब्द

माण्डवी गाउँपालिकाको विपद् पूर्वतयारी, प्रतिकार्य तथा आर्थिक पुर्नलाभ योजना २०८० तयार गरी यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ । माण्डवी गाउँपालिकामा वर्षेनी पहिरो, बाढी, हावाहुरी, आगलागी, जंगली जनावर आतँक, सडक दुर्घटना, सर्पदँश र चट्याङ जस्ता विपद्वाट जनधनको क्षति भईरहेकोछ तसर्थ विपदका घटनाहरुको पुर्वतयारी तथा प्रतिकार्य गर्नु आजको आवश्यकता रहेकोले विभिन्न सरोकारवालाहरुसँगको सुझाव सहित यो योजना तयार गरिएको हो ।

विपद् व्यवस्थापनका लागि स्थानीय स्तरको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपुर्ण दस्तावेजको रुपमा रहेकोछ । विगतको विपद्वाट सिकाई तथा नयाँ ऐन, नियमलाई आत्मसाथ गरी स्थानीय तहवाट समन्वयात्मक भुमिकालाई थप प्रभावकारी र अझ जिम्मेवार वनाउदै यस गाउँपालिकाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएकोछ ।

हाल राज्य पुर्नसंरचना अनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम स्थानीय तहको भुमिका थप सकृय वनाउनु पर्ने महसुस गरी विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने थालनी गरेको हो ।

योजना तयार गर्ने कममा सहयोग पुर्‍याउने स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरु, राजनितीक दल, स्थानीय सरकार, सरोकारवाला संघसंस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु साथै योजना तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग पुर्‍याउने आड्रा नेपाल र फुलवारी एकिकृत ग्रामिण विकास समाज (फेड्रो), नेपाल प्युठानको साझेदारीमा संचालित (**PERCAV** परियोजना) को योगदान प्रति स्मरण गर्दछु । विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका लागि सहजीकरणको भुमिका निर्वाह गर्ने लक्ष्य ट्रेनिङ एण्ड रिसर्च सेन्टर धनगढीलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस योजनाले विपद्को समयमा गरिने प्रभावकारी समन्वयात्मक प्रतिकार्यलाई सहज र योजनावद्ध गर्न मदत गर्नेछ भन्ने विश्वास लिएकोछु ।

धन्यवाद ।

..............................
नमराज अधिकारी
अध्यक्ष

नमराज अधिकारी "रोशन"
अध्यक्ष

## विपद् पूर्वतयारी, प्रतिकार्य तथा आर्थिक पुर्नलाभ योजनाको औचित्य

यस माण्डवी गाउँपालिकामा पहिरो, आगलागी, बाढी, खडेरी, हावाहुरी र बाली तथा पशुपंक्षीमा रोग लाग्ने जस्ता विपद्का घटनाहरू हुने गरेका छन जसले स्थानीय समुदायलाई वर्षेनी रुपमा असर पुर्याउने गरेको छ । यस बाहेक कोभिड-१९ को समयमा अस्थायी नोकरी, दैनिक ज्यालादारी, व्यापार व्यवसायमा संलग्न, रोजगारीको क्रममा भारत, वा जिल्ला बाहिर रहेका स्थानीयहरुको आफ्नो आम्दानीका स्रोतहरू स्थायी वा अस्थायी रूपमा बन्द भएको अवस्था रहेको थियो । यस माण्डवी गाउँपालिकाले कोभिड-१९ प्रभावित परिवारहरूलाई अत्यावश्यक खाद्य वस्तुहरू तथा उपचारको व्यवस्था गरेतापनी प्रभावित परिवारहरूलाई उनीहरूको आर्थिक पुनरुत्थानका लागी थप दीर्घकालीन स्रोतहरू विनियोजन गर्न सकेको छैन ।

विपद्को जोखिममा रहेका समुदायहरु सामाजिक, आर्थिक तथा साङ्गठनिक रुपमा कमजोर हुन्छन । खाद्य असुरक्षा, स्वास्थ्य तथा सरसफाइका सुविधाहरुको सिमितता, प्राकृतिक विपद्का कारण सुरक्षित बासस्थानको सही पहिचान तथा उपयुक्त व्यवस्थापन गर्न नसक्नु तथा जीविकोपार्जनका स्रोतहरु गुम्नु वा सिमितता हुनु आदि विपद् प्रभावित समुदायहरुले सामना गर्ने मुख्य समस्याहरु हुन । परिणाम स्वरुप प्राकृतिक तथा मानवजन्य विपद्हरुसंग समुदायको सामना गर्ने क्षमता निकै कमजोर हुन्छ । यस्ता समस्याहरुलाई सम्बोधन गर्न समुदायलाई सशक्तीकरण गर्ने, विपद्को समयमा मानवीय सेवा प्रदायक निकायहरुको क्षमता अभिवृद्धि गर्ने र प्रभावकारी समन्वयको संयन्त्र बनाउनु अत्यन्त जरुरी छ ।

विपद्को अवस्थामा प्रभावकारी मानवीय सहयोग तथा सम्भावित विपद्को जोखिम कम गर्न, विपद्को अवस्थामा आइपर्ने समस्याहरुलाई समाधान गर्न तथा प्रभावीतहरुको पुनर्लाभका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि विपद् पूर्वतयारी, प्रतिकार्य तथा आर्थिक पुर्नलाभ योजना आवश्यक रहेको छ। विशेष गरी मानवीय सहयोगको प्रत्याभुति गराउन विपद् जोखिम न्युनीकरणमा समुदायलाई सहयोग गर्न, प्रतिकार्यमा समान पहुच पुरयाउन, सामाजिक, सांस्कृतिक मर्यादा कायम राख्न, खानेपानी तथा सरसफाई एवं स्वास्थ्य प्रवर्द्धन गर्न यस योजनाले मार्गनिर्देश गर्दछ। त्यसका साथै श्रोतको सहि पहिचान तथा परिचालन गर्न जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउन पनि यस योजनाले सहयोग गर्दछ ।

यस योजनाको प्रभावकारी कार्यान्वयनबाट यस माण्डवी गाउँपालिकामा विपद् पुर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाई जनधनको क्षती कम गर्नुका साथै कोभिड १९ महामारीका कारण परेको अल्पकालीन र मध्यकालीन प्रभावलाई सम्बोधन गर्न प्रभावीतहरुको लागि आय आर्जनका अवसरहरू विस्तार गरी आफ्नो क्षमतामा वृद्धि गर्न सक्षम बनाउँन मद्दत पुग्नेछ। साथै यस योजनामा प्रस्तुत गरिएका जलवायु र गैर जलवायु जोखिम र विपद् जोखिम न्यूनीकरण योजना दुवैलाई सम्बोधन गर्नु भनेको विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन र आर्थिक पुनर्लाभ लाई एउटै स्थानीय योजनामा व्यवस्थित गर्ने अवसर पनि प्रदान गर्नेछ।

दिनेश चन्द्र जोशी

कार्यकारी निर्देशक

लक्ष्य ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर प्रा. लि, कैलाली

LTRC
Lakshya Training and Research Centre Pvt. Ltd.

# विषय सूची


१.पृष्ठभूमि ........................................................................................................................ १

१.१ गाउँपालिकाको परिचय ........................................................................................................ १

२. विपद् पूर्वतयारी, प्रतिकार्य तथा आर्थिक पुर्नलाभ योजनाको परिचय ........................................................ ५

२.१ योजनाको पृष्ठभूमि ............................................................................................................ ५

२.२ योजनाको उद्देश्य ............................................................................................................ ६

३. विपद् जोखिमको अवस्था ...................................................................................................... ६

३.१ विगतका विपद्हरुको विश्लेषण ............................................................................................... ६

३.२ गाउँपालिकामा भएका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था ................................................................ १५

३.३ प्रमुख प्रकोपहरू र प्राथमिकतामा रहेका प्रकोपहरू ................................................................................ १६

३.४ सम्भाव्य प्रकोपको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्साँकन .............................................................. १६

३.५ विपद् सङ्कटासन्नता तथा क्षमता विश्लेषण ......................................................................................... १९

३.६ विपद् जोखिम आँकलन तथा नक्शाङ्कन ............................................................................................ २१

३.७ जल तथा मौषम मापन केन्द्रको तापक्रम (न्युनतम र अधिकतम) तथा बर्षातको विवरण ...................................... २१

३.८ गाँउपालिकाको वर्षातको विश्लेषण ................................................................................................. २३

३.९ प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विश्लेषण ............................................................................... २३

३.१० सरोकारवाला संस्थाहरू .......................................................................................................... २४

३.११ विषयगत क्षेत्रहरू ................................................................................................................. २४

४. सामान्य पूर्वतयारी योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि) ................................................................. २६

५. पूर्वानुमानमा आधारित पूर्वतयारी योजना (पूर्वानुमान सम्भव हुने प्रकोपहरूको लागि) ........................................ ३१

६. आपत्कालीन प्रतिकार्य योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि) ............................................................. ३५

६.१ समन्वय, सूचना तथा खोज उद्धार विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना ............................................ ३५

६.२ खाद्यान्न, कृषि तथा पशु विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना ........................................................ ३६

६.३ आपत्कालीन आवास, बन्दोबस्ती तथा गैर खाद्य विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना .............................. ३७

६.४ स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना ............................................................ ३७

६.५ खानेपानी तथा सरसफाई विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना ......................................................... ३८

६.६ आपतकालिन शिक्षा तथा सर्वेक्षण विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना ........ ३९

६.७ संरक्षण तथा सामाजिक सुरक्षा विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना ........ ४०

६.८ शिघ्र पुर्नलाभ विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना ........ ४१

७. खाद्‍य सुरक्षाका लागि जलवायु मैत्री प्रविधि युक्त तत्कालिन तथा मध्यकालीन योजना र आपत्कालीन प्रतिकार्य योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि) ........ ४३

८. आवश्यकताको लेखाजोखा ........ ४८

८.१ बन्दोबस्तीका सामानको आँकलन ........ ४८

८.२. वन्दोवस्तीका सामानको आँकलन ........ ४९

८.३ अन्य आवश्यकताहरु ........ ४९

८.४ मापदण्डहरू ........ ५०

९. अन्य निकायहरूसँगको समन्वय र सहकार्य ........ ५१

१०.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ ५२

११. अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना ........ ५२

११.१ लक्ष्य र सूचकहरू ........ ५२

११.२ अनुगमन, मूल्याङ्कन तथा सिकाई संयन्त्र ........ ५३

११.३ अनुगमन तथा मुल्याङ्कन कार्ययोजना ........ ५३

११.४ क्षमता विकास ........ ५३

११.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन र पृष्ठपोषण ........ ५४

सन्दर्भ सामग्रीहरू ........ ५५

अनुसूचीहरू ........ ५६

अनुसूची १: स्थानीय विपद व्यवस्थापन समितिको विवरण ........ ५६

अनुसूचि २ : विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण कार्यशाला गोष्ठिका सहभागिहरु को नामावली ........ ५७

अनुसूची ३ : प्रारम्भिक द्रुत लेखाजोखा फारम ........ ५९

अनुसूची ४ : माण्डवी गाउँपालिकाको आपतकालिन संचार संञ्जाल ........ ६४

अनुसूची ५: फोटोहरु ........ ६५

# १.पृष्ठभूमि

## १.१ गाउँपालिकाको परिचय

**भौगोलिक अवस्थिति**

माण्डवी गाउँपालिका भौगोलिक हिसाबले ८२°४१'३०" देखि ८२°५०'३०" र पूर्व देशान्तरसम्म २७°५९'३०" देखि २८°६'३०" उत्तरी अक्षांश सम्म अवस्थित छ। यो गाउँपालिका समुद्री सतहबाट ४९२ मिटर उँचाईदेखि १८८२ मिटर सम्मको उँचाईमा अवस्थित छ । प्यूठान जिल्लामा अवस्थित ११३.०८ व.कि.मी. क्षेत्रफल रहेको यस माण्डवी गाउँपालिकाको उत्तरमा स्वर्गद्धारी र प्यूठान नगरपालिका, पश्चिमतिर दाङ जिल्ला, दक्षिणमा सरुमारानी गाउँपालिका र पूर्वमा ऐरावती र मल्लरानी गाउँपालिका रहेका छन् । पहाडी क्षेत्रमा पर्ने गाउँपालिकाको खेतियोग्य उर्वर जमिनले ओगटेको भए पनि पछिल्ला वर्षहरुमा बस्ती विकासको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ। जंगल र जलाधार क्षेत्रको कमि नभएको यस गाउँपालिकाको परिसरमा सानाठूला गरी धेरै खोला तथा नदीहरु रहेका छन् । (***स्रोत : माण्डवी गाउँपालिकाको वस्तुगत विवरण -२०७७)***




चित्र १: गाउँपालिकाको नक्सा

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना वमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्री संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहाय बमोजिम साविकका गाविसहरु तिराम (१-४), मर्कावाङ, नयाँ गाउँ, रम्दी र उदयपुरकोट गाविसहरु समेटर ५ वटा वडाहरु कायम गरिएको हो। हाल माण्डवी गाउँपलिकाको संरचना यस प्रकार रहेको छ।

तलिका १: गाउँपालिकाको भौगोलिक विवरण

| हाल कायम गरिएका वडा नं. | समावेश भएका सविक गा.वि.स.हरू | समावेश भएका साविकका वडा |
|---|---|---|
| १ | तिराम | १–४ |
| २ | मर्कावाङ | १–९ |
| ३ | नयाँगाउँ | १–९ |
| ४ | उदयपुरकोट | १–९ |
| ५ | रम्दी | १–९ |

*स्रोत : माण्डवी गाउँपालिकाको वस्तुगत विवरण -२०७४*

**भू-उपयोगको विवरण**

मानव जातिको सृष्टि र जनजीवन भू-धरातलमा उपलब्ध प्राकृतिक श्रोतहरूको उपयोगका आधारमा अडेको छ । मानवीय अस्तित्व भित्रका समग्र मानवीय गतिविधिहरू उसले उपयोग गर्ने जमिन तथा जमिनमा उपलब्ध श्रोतहरूमा पूर्णतः निर्भर गर्दछ। तसर्थ भू-आवरण अन्तर्गत मानिसले उपयोगमा ल्याउने वन क्षेत्र, खेतीयोग्य जमिन, जल, बालुवा, आवास क्षेत्र आदिको तथ्याङ्कलाई भू-उपयोग अन्तर्गत उल्लेख गरिएको छ। माण्डवी गाउँपालिकाको भू-उपयोगसम्बन्धी विवरण निम्न अनुसार उल्लेख गरिएको छ।




चित्र २: माण्डवी गाउँपालिकाको नक्सा

यस गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा ७६ प्रतिशत अर्थात सबैभन्दा धेरै वन क्षेत्रले ओगटेको छ भने दोस्रोमा १९.०३ प्रतिशतमा चरन क्षेत्र रहेको छ। कुनै पनि स्थानको समग्र भू-आवरण मध्ये ४० प्रतिशत भन्दा बढी वन क्षेत्र हुनु वातावरणीय सन्तुलनका हिसाबले सुखद विषय हो। यद्यपि सो वनको पूर्ण सदुपयोग र वैज्ञानिक व्यवस्थापन

हुन भने अनिवार्य छ । उपलब्ध जमिनमध्ये खेतीयोग्य जमिनको अंश १.५५ प्रतिशत रहेको छ । सम्पूर्ण खेतीयोग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अबलम्बन गर्न सके उत्पादनको समेत राम्रो सम्भावना देखिन्छ। यस गाउँपालिकाको भू-उपयोगको अर्को उल्लेखनीय पक्ष भनेको यहाँको झाडी, बुट्यान तथा खेर गइरहेको जमिनले ओगटेको भू-भागको अंश हो अर्थात सो भू-भागले कुल क्षेत्रफलको ०.७६ प्रतिशत भू-भाग ओगटेको छ । आवास क्षेत्रले ओगटेको भू-भाग १.४९ प्रतिशत रहेको छ। जलक्षेत्रले ओगटेको भू-भाग १.१७ प्रतिशत देखिन्छ।

तालिका २ : भु उपयोग विवरण

| जमिनको किसिम | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|
| **जलले ओगटेको क्षेत्र** | १.३२ | १.१७ |
| **बनजंगलले ओगटेको क्षेत्र** | ८५.९४ | ७६ |
| **खेतीयोग्य जमिनले ओगटेको क्षेत्र** | १.७५ | १.५५ |
| **भौतिक संरचनाले ओगटेको क्षेत्र** | १.६८ | १.४९ |
| **खाली क्षेत्र** | ०.८६ | ०.७६ |
| **चरन क्षेत्र** | २१.५३ | १९.०३ |
| **जम्मा** | ११३.०८ | १०० |

### जनसंख्या तथा घरधुरी विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार माण्डवी गाउँपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं ३ रहेको छ जसमा जम्मा जनसंख्या ३८९८ (पुरुष १७०४ र महिला २१९४) रहेका छन्। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. ५ रहेको छ जसको जनसंख्या २४२०(पुरुष १०६८ र महिला १३५२) रहेका छन् ।

तलिका ३ : गाउँपालिकाको जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | राष्ट्रिय जनगणना २०७८ | | | |
|---|---|---|---|---|
| | परिवार संख्या | जनसंख्या | | |
| | | महिला | पुरुष | जम्मा |
| **१** | | 1684 | 1432 | 3116 |
| **२** | | 1803 | 1561 | 3364 |
| **३** | | 2194 | 1704 | 3898 |
| **४** | | 1791 | 1274 | 3065 |
| **५** | | 1352 | 1068 | 2420 |
| **जम्मा** | **3794** | 8824 | 7039 | 15863 |

***स्रोत : राष्ट्रिय जनगणना -२०७८***

## गाउँपालिका भित्र भएका स्वास्थ्य संस्थागत विवरण

तालिका ४: गाउँपालिका भित्र भएका स्वास्थ्य संस्थागत विवरण

| क. सं. | संस्थाको किसिम | संख्या |
|---|---|---|
| १ | स्वास्थ्य चौकी | ५ वटा |
| २ | भ्याक्सिन सप्लाई तथा भण्डारण केन्द्र | १ वटा |
| ३ | सामुदायिक स्वास्थ्य इकाई | ३ वटा |
| ४ | गाउँघर क्लिनिक | १५ वटा |
| ५ | खोप क्लिनिक | २५ वटा |
| ६ | महिला स्वास्थ्य स्वयम्सेविका | ४१ जना |
| ७ | बर्थिङ सेन्टर भएका स्वास्थ्य संस्थाको संख्या | ५ वटा |
| ८ | क्षयरोग उपचार केन्द्र | ५ वटा |
| ९ | रोग निदान केन्द्र (प्रयोगशाला) | १ वटा |

## विकासका सम्भावनाहरु :

माण्डवी गाउँपालिका क्षेत्र भित्र रहको प्राकृतिक तथा सास्ँकृतिक सम्पदाहरु, आर्थिक, अभ्यास र उपलब्ध मानविय पूँजी तथा पूर्वाधार लगायतको अवस्थालाई हेर्ने हो भने यस गाउँपालिकामा विकासका प्रशस्त सम्भावनाहरुको आँकलन गर्न सकिन्छ। गाउँ विकासका संभावनाहरुलाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५: विकासका सम्भावनाहरु

| क.सं. | विषय क्षेत्र/उपक्षेत्र | सम्भावना |
|---|---|---|
| १ | प्राकृतिक श्रोत तथा साधन | • ठण्डा तथा उपोष्ण हावापानी र उच्च पहाडी क्षेत्रीय जैविक विविधता<br>• झिम्रुक नदी, माडी नदी, अरङ खोला लगायतका बाह्रै महिना बहने नदि तथा खोला<br>• धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय माण्डवी, ईशानदेवि, झिमरुक नदी, उमा महेश्वर मन्दिर, खुङ्ग गुफा, उदयपुरकोट दरबार, त्रिबेणी धाम, ठुलीलेक, देविस्थान मन्दिर, बाघपाईला, छ्याकुर छहरा, सुन्नानी मन्दिर आदी ।<br>• सामुदायिक बन ४४ वटा रहेका छन । |
| २ | आर्थिक | • धान, मकै, गहुँ, फापर, कोदो जस्ता अर्गानीक उत्पादन<br>• व्यवसायीक अर्गानीक अमिला जातको फलफुल पकेट क्षेत्र<br>• अदुवा, बेसार<br>• तरकारीमा टमाटर<br>• च्याउँखेती<br>• टिमुर पकेट क्षेत्र<br>• पशुपालनको अभ्यास<br>• वित्तिय सुबिधा सहज |

| | | |
|---|---|---|
| | | • जस्पुर, देविस्थान, लामाचौर, चेरनेटा, रुद्धपुर, अरङ, रातापानी, उदयपुरकोट, राजपोखरा लगायतका क्षेत्रमा स्थानीय बजार |
| ३ | सामाजिक | • मावि सम्मको शैक्षिक संस्था सम्मको पहुँच<br>• स्वास्थ्य चौकी, पशु सेवा केन्द्र, इलाका हुलाक कार्यालय, इलाका प्रहरी कार्यालय, इलाका प्रशासन कार्यालय, नापी कार्यालय, मालपोत कार्यालय, सडक डिभिजन, करदाता सेवा कार्यालय, रेडक्रस उपशाखा, विद्युत कार्यालय, बुटवल पावर कम्पनी, नेपाली सेना, जिल्ला ट्राफिक प्रहरी कार्यालय, गाउँपालिका कार्यालय<br>• विद्युत विस्तार<br>• पूर्ण सरसफाईका अभ्यास<br>• धारामा आधारित खानेपानी सुबिधा विस्तार |
| ४ | भौतिक पूर्वाधार | • मुख्य दाङको घोराही बाट माण्डवी हुँदै लिवाङ सडक, भालुवाङ हुँदै माण्डवी रोल्पा सडक  तथा अन्य ग्रामिण सहायक कच्चि सडक<br>• आवश्यकता अनुसारका पुल तथा झोलुङ्गे पुल भएका तथा निर्माण निर्माणाधिन<br>• राजमार्गबाट बाटो विस्तारको पहल<br>• उर्जाको रुपमा विद्युत तथा सोलारको उपयोग |
| ५ | सुशासन तथा संस्थागत | • गाउँकार्यपालिका, विषयगत शाखा, समितिको गठन र सञ्चालन<br>• गैससको विकास कार्यमा संलग्नता |

# २. विपद् पूर्वतयारी, प्रतिकार्य तथा आर्थिक पुर्नलाभ योजनाको परिचय

## २.१ योजनाको पृष्ठभूमि

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रुपमा सूचीकृत गरेको छ । संवैधानिक व्यवस्था कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तर्जुमा भएका छन साथै विपद् व्यवस्थापनका लागि केन्द्र देखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशील रहेका छन । स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना मध्येको एक हो । स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ।स्थानीय तहमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नु पर्ने हुन्छ । विद्यमान कानूनी व्यवस्था अनुरुप समेत स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक रहेको छ ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट संसारमा प्रकोप जोखिमको अवस्थामा वर्षेनी बृद्धि हुने गरेको छ । यस माण्डवी गाउँपालिका पनि यस्ता प्रकोप जोखिमहरुबाट अछुतो रहन सकेको छैन । यस माण्डवी गाउँपालिकामा विपद् बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु बीचको समन्वयलाई प्रभावकारी बनाउन विपद् पूर्वतयारी, प्रतिकार्य तथा आर्थिक पुर्नलाभ योजना तर्जुमा गर्न आवश्यक देखिएको छ।

प्रस्तुत सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ अनुरूप यस माण्डवि गाउँपालिकाले यो विपद् पूर्वतयारी, प्रतिकार्य तथा आर्थिक पुर्नलाभ योजना तयार गरेको छ ।

## २.२ योजनाको उद्देश्य

यस योजनाको प्रमुख उद्देश्य माण्डवी गाउँपालिकामा विपद् पुर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाई जनधनको क्षती कम गर्नुका साथै कोभिड १९ महामारीका कारण परेको अल्पकालीन र मध्यकालीन प्रभावलाई सम्बोधन गर्न जलवायु परिवर्तन अनुकूलन प्रविधिको प्रसार मार्फत प्रोत्साहन प्याकेज र खाद्य सुरक्षाको व्यवस्था सहितको आर्थिक पुनर्लाभका गतिविधिहरु पहिचान गर्नु रहेको छ। यसका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन।

(क) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरु पहिचान र अध्यावधिक गर्नु,

(ख) विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरूको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,

(ग) विपद्को लेखाजोखा, जोखिम नक्साङ्कन, विगतमा घटेका विपद्का घटनाहरुको तथ्याङ्क सङ्कलन र विश्लेणका आधारमा जोखिम सूचित योजना तर्जुमा गर्नु,

(घ) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु,

(ङ) विपद् प्रतिकार्यका लागि उपलब्ध स्रोत साधन र जनशक्तिको लेखाजोखा र सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आँकलन, प्रक्षेपण र प्रवन्ध गर्न,

(च) कोभिड १९ महामारीका कारण परेको अल्पकालीन र मध्यकालीन प्रभावलाई सम्बोधन गर्न जलवायु परिवर्तन अनुकूलन प्रविधिको प्रसार मार्फत प्रोत्साहन प्याकेज र खाद्य सुरक्षाको व्यवस्था सहितको आर्थिक पुनर्लाभका गतिविधिहरु पहिचान गर्नु ।

# ३. विपद् जोखिमको अवस्था

## ३.१ विगतका विपद्हरुको विश्लेषण

माण्डवी गाउँपालिका अर्न्तगत विगतका बर्षमा विपदले क्षति पुर्‍याएको आधारमा पालिका भित्र बहुप्रकोपबाट श्रृजित विपद्हरुको सामना गरिरहनु परेको छ। यस पालिका भित्र भुकम्पको प्रभाव नदेखिएता पनि ग्रामिण बस्ती तथा पुराना भौतीक संरचना भएकाले भुकम्प जस्ता प्रकोपको पनि उच्च जोखिममा रहेको अवस्था छ। यि मध्ये पहिरो, बाढी लगायत अन्य प्रकोपहरु बाट भएको क्षती र सम्भावित क्षतीलाई आधार मानेर यस पालिका भित्र सम्भावित प्रकोप जोखिम (सङ्कटासन्नता) तालिका तयार गरिएको छ।

तालिका ६: विपद्जन्य घटनाबाट क्षती भएका स्थान र घरधुरी

| प्रकोप | साल, महिना | स्थान | क्षति | व्यवस्थापनका अभ्यासहरु | सहयोग |
|---|---|---|---|---|---|
| **वडा नं. १** | | | | | |
| पहिरो | २०७९ | उपल्लो टोला | | | |
| पहिरो | २०७९ | माझ टोल | | | |
| पहिरो | २०७९ | जेमुरे | | | |
| पहिरो | २०७९ | थापा टोल | ६ घर विस्थापित | | |
| पहिरो | २०७९ | छेडा पोखरी टोल | | | |
| आगलागी | २०६४ | गरजिने | ३ घर धुरी | समुदायको पहलमा नियन्त्रण गरेको | जि.प्र.का, र रेडक्रस बाट सहयोग |
| आगलागी | २०८० | सिउरी काटे | १ गोठ क्षति | समुदायको पहलमा नियन्त्रण गरेको | |
| पहिरो | | | | | |
| **वडा नं. २** | | | | | |

| प्रकोप | साल, महिना | स्थान | क्षति | व्यवस्थापनका अभ्यासहरु | सहयोग |
|---|---|---|---|---|---|
| पहिरो | २०७९ | तल्लो धनचौर | ८ घर क्षति | समुदाय बाट उद्धार कार्य गरेको | जि.प्र.का, उद्योग वाणिज्य संघ, गाँउपालिका, रेडक्रस, यूनिसेफ र फिर्डो नेपाल |
| पहिरो | २०७९ | मर्कावाङ | १ घर क्षति | समुदाय बाट उद्धार कार्य गरेको | जि.प्र.का, उद्योग वाणिज्य संघ, गाँउपालिका, रेडक्रस र यूनिसेफ |
| आगलागी | २०६७ | अधेरी | १ घर क्षति | समुदाय बाट उद्धार कार्य गरेको | |
| आगलागी | २०६८ | सिरलिङ्गे | १ घर क्षति | समुदाय बाट उद्धार कार्य गरेको | |
| आगलागी | २०७१ | रातापानी | १ घर | समुदाय बाट उद्धार कार्य गरेको | जि.प्र.का, गा.वि.स र रेडक्रस |
| आगलागी | २०७२ | गोलवाङ्ग | १ घर क्षति | समुदायको पहलमा नियन्त्रण गरेको | जि.प्र.का र रेडक्रस |
| आगलागी | २०७२ | सिरलिङ्गे | १ घर गोठ क्षति १ जना घाइते | समुदायको पहलमा नियन्त्रण गरेको | रेडक्रस |
| आगलागी | २०७३ | तल्लो धनचौर | ७ घर क्षति | समुदायको पहलमा नियन्त्रण गरेको | रेडक्रस |
| आगलागी | २०७४ | मर्कावाङ | १ घर | समुदायको पहलमा नियन्त्रण गरेको | जि.प्र.का र रेडक्रस |
| आगलागी | २०७९ | खाला | १ घर | समुदायको पहलमा नियन्त्रण गरेको | गाँउपालिका, रेडक्रस र जि.प्र.का बाट सहयोग |
| बाढी | २०७९ | मर्कावाङ | १२ रोपनी खेत कटान | | |
| बाढी | २०७९ | ढिकावन | १२० रोपनी खेत कटान | | |
| | | | **वडा नं. ३** | | |
| बाढी | २०७९ असोज | मार्सिवाङ | २० घरधुरीले मार्सिवाङ लिफ्ट सिंचाईको पम्पहाउसमा क्षती | | |
| बाढी | २०७९ असोज | गितखोली | स्याउलेघारी टोलमा ४ घरमा क्षती, ४ घर उच्च जोखिममा तथा खेतियोग्य जमिनमा क्षती | | |
| बाढी | २०७९ असोज | टार | झ्याङवाङ खोलाले ७० घरधुरीले प्रयोग गर्ने सिंचाई कुलोको बाँध तथा कुलोमा बर्षेनी क्षेती पुर्‍याउने गरेको | | |
| बाढी | | लामाचौर | गढीखोलाको बाढी होमपाईप बुझिएर बाढी बस्तीमा पसेर २५ घर उच्च जोखिममा | | तारजाली खोलाको दुबैतर्फ |

| प्रकोप | साल, महिना | स्थान | क्षति | व्यवस्थापनका अभ्यासहरु | सहयोग |
|---|---|---|---|---|---|
| बाढी | | लामाचौर | माण्डवी नदीले जागुडीबगर सा.बन. मा क्षती पुर्‍याउने तथा १ झुलुंगे पुल उच्च जोखिममा | | तटबन्धन |
| बाढी | | चिदिआर | झ्याङवाङ खोलाको बाढीले वर्षेनी ७ परिवारको खेतियोग्य जमिन पटान गर्ने गरेको | | |
| बाढी | | योगीटोल तथा आर्नेटोल | गुभारखोलाले खोलावारी पारीको खेतमा क्षती तथा नमुना मा.वि. उच्च जोखिममा | | |
| बाढी | | कछार | माण्डवी नदीले ५० घरधुरीको खेत तथा लिफ्ट सिंचाईको पम्पहाउस उच्च जोखिममा | | |
| बाढी | | | गुवाखोला र माण्डवी नदीको मिल्ने स्थानमा रहेको ३५० घरधुरीले प्रयोग गर्ने लिफ्ट खानेपानीको इनार र पम्पहाउस बाढीको उच्च जोखिममा । | | |
| बाढी | | घर्तिटोल तथा भट्राईटोल | माण्डवी नदीले ६५ घरधुरीले प्रयोग गर्ने लिफ्ट खानेपानीको ईनार र पम्पहाउस उच्च जोखिममा | | |
| बाढी | | तल्लोकुला फाँट | झ्याङवाङ खोलाले १०० घरधुरीको १३ बिगाहा जजिनमा लाग्ने सिंचाइकुलोको बाँध बगाएको | | |
| बाढी | | दारीमचौर | माण्डवी नदीले ५० घरधुरीको जमिन कटान गर्द्रैगरेको तथा लिफ्ट खानेपानीको पम्प हाउस जोखिममा । | | |
| बाढी | | साविक २ जामुनी टोल | माण्डवी नदीले ८० रोपनी जमिन कटान गरी सकेको, १० घरधुरीको ३५० रोपनी जग्गा कटानको उच्च | | |

| प्रकोप | साल, महिना | स्थान | क्षति | व्यवस्थापनका अभ्यासहरु | सहयोग |
|---|---|---|---|---|---|
| | | | जोखिममा तथा १० घर उच्च जोखिममा | | |
| बाढी | | जस्पुर बगैचा देखि एक्लेपिपल तथा देविस्थान | माण्डवी नदी तथा चित्रेखोला कटानले गर्दा २५० घरधुरी उच्च जोखिममा तथा प्रहरी विट पनी उच्च जोखिममा | | |
| बाढी | | जस्पुर | लिफ्ट खानेपानीको पम्महाउस बर्षेनी पुर्ने गरेको । | | |
| बाढी | | देविस्थान | अरुणखोला कटानकका कारण २० घरधुरी जोखिममा तथा खेतियोग्य जमिन कटान गर्दै गरेको । | | |
| पहिरो | | मार्सिवाङ | हिरङखोला कटानका कारणले पहिरो जाँदा गोरेटोबाटो र मन्दीर उच्च जोखिममा | | |
| पहिरो | | साविक ५ र ६ को गुवाखोला चोक देखि रियाटोल सम्म | सडकका कारण पहिरोले १ घर पुरेको र सडक तल माथिका १० घर उच्च जोखिममा | | |
| पहिरो | | साबिक ३ | घर्तिटोलका ११ घर, भलवा टोलका २० घर, भट्राईटोलका १२ घर तथा पुवालीटोलका ६ घर पहिरोको जोखिममा रहेका । | | |
| पहिरो | | दारीमचौर | बस्तिमाथि बाट झरेको पहिरोले ४ घर उच्च जोखिममा तथा ५० घर जोखिममा तथा खेतियोग्य जमिन पनि जोखिममा | | |
| पहिरो | | आँपचौर | १०० घरधुरीले प्रयोग गर्ने विराजी खानेपानी कोपारमा पहिरोले क्षती पुर्याएको । | | |
| पहिरो | | फोपीनगैरा | प्राकृतिक कुवा पहिरोले पुरेको । | | |
| पहिरो | | जसपुर | सडकले गर्दा गाउँपालिका पछाडीका २० घर पहिरोको जोखिमा । | | |

| प्रकोप | साल, महिना | स्थान | क्षति | व्यवस्थापनका अभ्यासहरु | सहयोग |
|---|---|---|---|---|---|
| **वडा नं. ४** | | | | | |
| पहिरो | २०७९ | खजूरे टोलमा | ३ घर | समुदाय बाट उद्धार कार्य गरेको | जि.प्र.का, उद्योग वाणिज्य संघ, पालिका र रेडक्रस |
| पहिरो | २०७९ | पोखरा धारा टोलमा | ४ घर | समुदाय बाट उद्धार कार्य गरेको | जि.प्र.का, उद्योग वाणिज्य संघ, पालिका र रेडक्रस |
| पहिरो | २०७९ | सिमला गहिरा र चिउपातल | २ घर | समुदाय बाट उद्धार कार्य गरेको | जि.प्र.का, उद्योग वाणिज्य संघ, पालिका र रेडक्रस |
| पहिरो | २०७९ | चोरपानी | १ घर | समुदाय बाट उद्धार कार्य गरेको | जि.प्र.का, उद्योग वाणिज्य संघ, पालिका र रेडक्रस |
| आगलागी | २०६५ | चिउपातल | १ घर र १ मानविय क्षति | समुदाय बाट उद्धार कार्य गरेको | जि.प्र.का, गा.वि.स र रेडक्रस |
| आगलागी | २०७३ | मुख्य टोल | २ घर | समुदाय बाट उद्धार कार्य गरेको | जि.प्र.का, गा.वि.स र रेडक्रस |
| आगलागी | २०७४ | थामा टोल | १ घर | समुदाय बाट उद्धार कार्य गरेको | जि.प्र.का, पालिका र रेडक्रस |
| आगलागी | २०७४ | माझ टोल | १ गोठ र गाई, भैसी नष्ट | समुदायको पहलमा नियन्त्रण गरेको | |
| आगलागी | २०७५ | राना टोल | २ घर | समुदायको पहलमा नियन्त्रण गरेको | जि.प्र.का, पालिका र रेडक्रस |
| आगलागी | २०७५ | डाडा कटेरी | १ घर | समुदायको पहलमा नियन्त्रण गरेको | जि.प्र.का, पालिका र रेडक्रस |
| आगलागी | २०७५ | थामा टोल | १ घर | समुदायको पहलमा नियन्त्रण गरेको | जि.प्र.का, पालिका र रेडक्रस |
| आगलागी | २०७६ | तिमिले पानी | १ घर | समुदायको पहलमा नियन्त्रण गरेको | समुदाय ले सहयोग गरेको |
| आगलागी | २०७७ | गहिरा बारी | १ घर | समुदायको पहलमा नियन्त्रण गरेको | जि.प्र.का, पालिका र रेडक्रस |
| आगलागी | २०७८ | थामका | १ घर | समुदायको पहलमा नियन्त्रण गरेको | जि.प्र.का, पालिका र रेडक्रस |
| आगलागी | २०७९ | भेडावारी | २ घर र गोठ | समुदायको पहलमा नियन्त्रण गरेको | जि.प्र.का, पालिका र रेडक्रस |
| हावाहुरी | २०७६ | थनकोट टोल | १ घर | | |
| **वडा नं. ५** | | | | | |
| पहिरो | २०५३ | तिग्राखोला | खानेपानी मुहान र गाऊ लाई असर गरेको थियो | भेल तर्काउने कुलेसो काट्ने काम भएको थियो । | |
| हुस्सु - हिउदको समयमा | २०६५ | | वालिलाई असर गरेको थियो । | | |

| प्रकोप | साल, महिना | स्थान | क्षति | व्यवस्थापनका अभ्यासहरु | सहयोग |
|---|---|---|---|---|---|
| पहिरो | २०४५ | कोखे मुल र चिन पधेरा | २५ घरधुरी लाई पिउने पानिको समस्या परेको छ । | मुलको वरपरी संरक्षण गरेको चरिचरण रोक्ने काम भएको थियो । | |
| आगलागी | २०६१ | | २ वाडमा ५.मा क्षति पुगेको थियो । | आगो निभाउनेकाम भएको थियो । | |
| आगलागी | २०६८ | | ४ घर गोठ मा क्षति पुगेको थियो । | स्थानिय प्रहरी र गाऊले लाई खवर गरी आगो नियन्त्रणमा ल्याउने काम भएको थियो । | |
| आगलागी | २०६८ | | ३ घर गोठमा क्षति भएको थियो । | स्थानिय प्रहरी र गाऊले लाई खवर गरी आगो नियन्त्रणमा ल्याउने काम भएको थियो । | |
| लमखुट्टे बढेको | २०६५ | | मलेरिया जस्ता रोगहरु बढेको । | झुलहरुको प्रयोग गर्ने काम भएका छ । | |
| बखामा पि.पि.आर | २०६८ | | ५० वडामा १०वटा बाखा मरेको थियो । | पशु स्वास्थ्य कार्यकर्ता लाई देखाउने का म भएको थियो । | |
| जन्डिस रोग | २०६२ | | २ वडामा १जना महिला /पुरुष को मृत्यु भएको थियो । | अस्पताल लगिएको थियो । | |
| पहिरो | २०६२ | | चिन पधेरो परेको सुकी ३५घर धुरी उपभोक्ताहरुलाई असर पुगेको थियो । | चिन पधेरा सुके पछी उपभोक्ताहरुले प्लाष्टिक पोखरी निमाण गरी पानी संकलन गर्ने काम भएको थियो । | |
| खडेरी | २०४५ | | डुङडुगे पानिब मुहान सुकी ८ रोपनी खेत बाझोरहेको छ । | | |
| मिचाहा प्रजातिको पर्को बढेको | २०६० | | वनमारा झार बढेको | व्यवस्थापन गरीएको थियो । | |
| ब्लाष्ट रोगले | २०५७ | | गा.वि.स.भरी धान वालि धान वालिमा ब्लाष्ट रोगले आक्रमण गरेको प्रभावित भएको थियो । | औषधी प्रयोग गरेको र पानी सुकाइएको थियो । | |
| प्रजातिहरुमा विविधता आएको | २०५० | | सल्लो प्रजाति विस्तारै तल्लो क्षेत्रमा पाइन थालेको छ । | वन व्यवस्थापन कार्य गर्न थालिएका छ । | |

| प्रकोप | साल, महिना | स्थान | क्षति | व्यवस्थापनका अभ्यासहरु | सहयोग |
|---|---|---|---|---|---|
| मानव स्वास्थ्यमा रोग | २०६८ | | वाद दादुरा, ठेउला, घमौरा को प्रकोप बढेको | उपस्वास्थ्य चौकीहरुमा देखाएको | |
| खडेरी | २०६६ | | समयमा वालि लगाउन नपाउदा वालि उत्पादनमा कमी आएको थियो । | | |
| खडेरी | २०६६ | | नयाँपधेरा सुकी १५घर धुरी पिउने पानी बाट प्रभावित भएका थिए । | गहिरो खालको खाडल खनी पानी निकालेको । | |
| खडेरी | २०६२ | | तल्ला पधेरा सुकी ४२घरधुरी प्रभावित भएका थिए । | मुहान वरपरी संरक्षण गर्ने काम भएको थियो । | |
| पहिरो | २०६४ | | चौरपानी खोला पधेरामा पहिरो ५ हेक्टर जङ्गल क्षति भएको थियो । | मुहान वरपरी संरक्षण गर्ने काम भएको थियो । | |
| बाढी | २०४९ | | गोलापुर ३००रोपनी खेत कटान भएको थियो । | विभिन्न निकाय संग सम्पर्क गरी थोरै दुरीमा तारजाली लगाएको । | |
| वाखामा पि.पि.आर. रोग | २०६७ | | २ वाडमा १६वाखा मरेको थिए। | | |
| मिचाहा प्रजातिको प्रर्कोप | २०५३ | | चरिअमिली झारको अधिक मात्रामा बढ्दै गएको छ । | गोडमेल गरी हटाउने काम भएको थियो । | |
| खडेरी | २०६४ | | जुजेनेटा खानेपानी मुल सुकेर २० घर धुरी प्रभावित भएका छन् । | झिमरुक नदीमा पानी ल्याउन परेको थियो । | |
| मानिसमा रोग | २०६४ | | वाडमा हेपाटाइटिज बाट १जनाको मृत्यु भएको थियो । | अस्पताल लग्ने काम भएको थियो । | |
| हावा हुरी | २०६९ | | ........... वाडमा १घर भत्केको थियो । | घाराहरुले छानो चापेको थियो । | |
| आगलागी | २०५४ | | लिस्ने सामायिक वन उपभोक्ता समुहमा | उपभोक्ता हरु वनमा गई आगो निभाउने काम भएको थियो । | |
| पहिरो | २०५८ | चावेखोला | २ रोपनी खेत परीदिएको थियो । | संरक्षण गर्ने काम भएको थियो । | |
| खडेरी | २०५८ | | सिरवारी खानेपानी मल सुकेको वडा नं ७ र ८का ९१घरधरी प्रभावित भएका छन् । | माण्डवी नदीको पानी पिउनु परेको थियो । | |
| गिद्ध चरा लोप भएको | २०६३ | | गा.वि.स. भरी नै देखिन थालिएको छ । | | |

| प्रकोप | साल, महिना | स्थान | क्षति | व्यवस्थापनका अभ्यासहरु | सहयोग |
|---|---|---|---|---|---|
| खडेरी | २०६० | | चावेखोला को खानेपानी मल सकेको र ७२ घर धरीको खे प्रभावित भएको र २हेक्टर खे वाझो भएको छ । | आगलागी संवन्धि टोलटोलमा प्रचार प्रशार गरेको । | |
| वौला खोला धले पहिरो | २)५४ | | वनमा क्षति पराएको थियो । | जालि तथा झ्याङ्ग राखि चलाउने प्रयास गरेको । घर खोला भन्दा टाढा सारेको । | |
| खडेरी | २०६२ | | दोदरेखोला सकेको र खेती गर्न वाट वञ्चित भई वाझो भएको छ र ४२ घर प्रभावित भएका छन् । | स्वस्थ्य चौकीको सहयोग लिएको । | |
| पशु रोग | २०६७ | | वाखामा पि.पि.आर वाडमा ४५ वाखा मरेको थिए । | पानी लिन र नुहाउन अन्यत्र जाने गरेको । | |
| पशु रोग | २०६७ | | चट्के पट्के रोग बाट ४भैंसी ७ गाई मरेको | बजारको तेल खाएको । | |
| वाढी | २०६४ | | ददेरी खोला ले तार जाली वगाई .........वाडका ७ घर प्रभावित भएका छन् । | रिङकुवा निर्माण गरेको । | |
| वाढी | २०६८ | | दोन्दरे खोलाले कटान गरी १९ घरधुरीलाइ हिडडुल गर्न कठिनाई परेको छ । | अस्पताल लगि उपचार गरेको । | |
| खेडेरी | २०६५ | | पातिहाल्ने पानि महान सकी वस्तु भाऊ लाई असर परेको छ । | घैटे टंकी निर्माणको लागि पहल शुरु गरी निर्माण गरेको । | |
| खडेरी | २०५५ | | वायोडाडा पानि मुहान सुकेको १३ घर प्रभावित भएका छन् । | घैटे टंकी निर्माणको लागि पहल शुरु गरी निर्माण गरेको । | |
| पहिरो | २०४२ | | पहिरो गए पछी वडा नं.१ र २ का वाझोमा परिणत भएको छ । | | |
| तिग्रा खोला वाढी | २०५३ | | सिचाँई र खा.पा मा असर गरेको थियो । | | |
| खडेरी | २०६२ | | थापा टोल मुल सुकेको । | | |
| आगलागी | २०६७ | | रानीवन सा.व.उ.स.मा आगो लागि पुनउत्पादनमा कमी खोटो संकलनमा ह्रास आएको थियो । | आगो लागि समबन्धि प्रचार प्रचार गरेको र वैठक बसेको । | |

| प्रकोप | साल, महिना | स्थान | क्षति | व्यवस्थापनका अभ्यासहरु | सहयोग |
|---|---|---|---|---|---|
| आगलागी | २०६८ | | रानीवन सा.व.उ.स.मा आगो लागि पुनउत्पादनमा कमी खोटो संकलनमा ह्रास आएको थियो । | आगो लागि समबन्धि प्रचार प्रचार गरेको र वैठक बसेको । | |
| आगलागी | २०६९ | | रानीवन सा.व.उ.स.मा आगो लागि पुनउत्पादनमा कमी खोटो संकलनमा ह्रास आएको थियो । | आगो लागि समबन्धि प्रचार प्रचार गरेको र वैठक बसेको । | |
| आगलागी | २०६९ | | देउराली सा.व.उ.स.मा आगोलागि खोटो संकलनमा समस्या आएको छ । | आगो लागि समबन्धि प्रचार प्रचार गरेको र वैठक बसेको । | |
| आगलागी | २०६९ | | सिरवारी सामुदायिक वन उपभोक्ता समुहको वाड नं. ९ मा पुर्नउत्पादनमा कमी आएको छ । | आगो लागि समबन्धि प्रचार प्रचार गरेको र वैठक बसेको । | |
| पहिरो | २०६७ | | वडा नं १२२को पानि मुहान पुरिएको थियो । | उपभोक्ताहरुले सफा गरेका थिए | |
| पहिरो | २०५३ | तिग्राखोला | ढोडखोला खानेपानी मुहान र गाऊ लाई असर गरेको थियो | भेल तर्काउने कुलेसो काट्ने काम भएको थियो । | |
| पहिरो | २०४२ | | तिग्राखोला खानेपानी मुहान र सिचाँईमा समेत असर परेको थियो । | खानेपानी मुहान वरीपरी सफा गर्ने काम भएको थियो । | |
| पहिरो | २०४५ | कोखे मुल र चिन पधेरा सुकेको | ३५ घरधुरी लाई पिउने पानिको समस्या परेको छ । | मुलको वरपरी संरक्षण गरेको चरिचरण रोक्ने काम भएको थियो । | |
| आगलागी | २०६१ | | ...३..वाडमा.५घरमा. क्षति पुगेको थियो । | आगो निभाउनेकाम भएको थियो । | |
| आगलागी | २०६८ | | ४ घर गोठ मा क्षति पुगेको थियो । | स्थानिय प्रहरी र गाऊले लाई खवर गरी आगो नियन्त्रणमा ल्याउने काम भएको थियो । | |
| आगलागी | २०६८ | | ३ घर गोठमा क्षति भएको थियो । | स्थानिय प्रहरी र गाऊले लाई खवर गरी आगो नियन्त्रणमा ल्याउने काम भएको थियो । | |

***स्रोत : वडा स्तरिय छलफल तथा अर्न्तक्रिया -२०७९***

## ३.२ गाउँपालिकामा भएका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था

माण्डवी गाउँपालिका अर्न्तगत पालिका अध्यक्षको नेतृत्वमा स्थानीय विपद व्यवस्थापन समिति गठन भै सक्रिय रहेको छ । स्थानीय विपद व्यवस्थापन समितिले पालिका क्षेत्र भित्र समग्र विपद जोखिम व्यवस्थापनका लागी नेतृत्वदायी भुमिका निर्बाह गरेकोछ । यसका साथै स्थानीय स्तरमा रहेका सरकारी तथा गैरसरकारी संघ, संस्थाहरुको आपतकालिन अवस्थामा प्रतिकार्यका लागी क्षमता समेत पहिचान गरि स्थानीय विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कायान्वयन गर्नुपर्ने रहेको छ।

यस गाउँपालिकाका सबै वडामा वडा अध्यक्षको नेतृत्वमा वडा विपद व्यवस्थापन समिति गठन भई क्रियाशील अवस्थामा रहेका छन । यस गाउँपालिकाले विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७६ तयार भै कार्यान्वयन भईरहेकोछ

तालिका ७ : सन्दर्भ सामाग्रीहरुको समिक्षा

| क.सं. | प्रतिवेदनको नाम | पुर्व असल अभ्यास | मुख्य सिकाई | सुझाव |
|---|---|---|---|---|
| १ | विपद् न्यूनिकरणका लागी जोखिम विश्लेषण, मुल्याङ्कन तथा उपचारात्मक पुर्वतयारी योजना सन २०२१ | | | |
| २ | राहात वितरण मापदण्ड | | | |




चित्र ३ : विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको संरचनागत/शुसासन सम्यन्त्र

## ३.३ प्रमुख प्रकोपहरू र प्राथमिकतामा रहेका प्रकोपहरू

यस गाउँपालिकामा विपदको इतिहाँस तथा वर्तमान अवस्थालाई छलफल र विश्लेषण गर्दा प्रमुख प्रकोपका रुपमा पहिरो रहेको छ भने त्यसैगरी क्रमस बाढी, आगलागी, वन्यजन्तुको जोखिम, खडेरी, कृषि तथा पशु रोग, हुरीबतास, अशिना तथा चट्याङ रहेका छन ।

तालिका ८ : प्रकोप विश्लेषण

| प्रकोप | पहिरो | बाढी | कृषि तथा पशु रोग | आगलागी | हुरिबतास | चट्याङ | खडेरी | वन्यजन्तुको जोखिम | असिना |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| बाढी | | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| कृषि तथा पशु रोग | | | | आगलागी | कृषि तथा पशु रोग | कृषि तथा पशु रोग | खडेरी | वन्यजन्तुको जोखिम | कृषि तथा पशु रोग |
| आगलागी | | | | | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी |
| हुरिबतास | | | | | | हुरिबतास | खडेरी | वन्यजन्तुको जोखिम | हुरिबतास |
| चट्याङ | | | | | | | खडेरी | वन्यजन्तुको जोखिम | असिना |
| खडेरी | | | | | | | | वन्यजन्तुको जोखिम | खडेरी |
| वन्य जन्तुको जोखिम | | | | | | | | | वन्यजन्तुको जोखिम |
| असिना | | | | | | | | | |
| जम्मा | ९ | ८ | ४ | ७ | ३ | १ | ५ | ६ | २ |
| | पहिलो | दोस्रो | छैटौं | तेस्रो | सातौं | नवौं | पाँचौं | चौथो | आठौं |

***स्रोत : माण्डवी गाउँपालिकाको गाउँकार्यशाला गोष्ठी -२०८०***

**नोट:** नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा राखिएको छैन् । तर भुकम्प पहिलो नम्बरको प्रकोपको रुपमा प्राथमिकतामा राखी विपद प्रतिकार्य योजना तयार गरीने छ ।

## ३.४ सम्भाव्य प्रकोपको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्साँकन

माण्डवी गाउँपालिका अर्न्तगत विगतका बर्षमा विपदले क्षति पुर्‍याएको आधारमा पालिका भित्र बहुप्रकोपबाट श्रृजित विपद्हरुको सामना गरिरहनु परेको छ । यस पालिका भित्र भुकम्पको प्रभाव नदेखिएता पनि ग्रामिण बस्ती तथा पुराना भौतीक संरचना भएकाले भुकम्प जस्ता प्रकोपको पनि उच्च जोखिममा रहेको अवस्था छ । यि मध्ये पहिरो, बाढी लगायत अन्य प्रकोपहरु बाट भएको क्षती र सम्भावित क्षतिलाई आधार मानेर यस पालिका भित्र सम्भावित प्रकोप जोखिम (सङ्कटासन्नता) तालिका तयार गरिएको छ।

तालिका ९: प्राकृतिक प्रकोपको जोखिममा रहेका बस्तीको विवरण

| वडा नं. | प्रकोपबाट जोखिमयुक्त टोल, बस्ती | | | | जम्मा बस्ती |
|---|---|---|---|---|---|
| | बाढी, | पहिरो | खडेरी | आगलागी | |
| १ | कात्तिके, छबिसे, लगायत अरङ खोला क्षेत्र, सिमलचौर, धक्केली, बडेचौर, खुमलटार, दमारे, | उपल्लो तिराम, तिमिले, तल्लो तिराम, सिमलचौर, खरीवाङ | उपल्लो तिराम, तल्लो तिराम, उपल्लो सिमलचौर | उपल्लो तिराम, तल्लो तिराम, सिमलचौर, खरीवाङ, बडचौर, दमार | उपल्लो टोल, भिरपानी, दमाईटोल, माझटोल, डोटे गहिरा, डाडापारी टोल, भुरके चौर र सिसि खोला ,खरिवाङ, थापा टोल, माझटोल र बेढ चौर, छेडापोखरी टोल, तल्लो सिमलचौर र माथिल्लो सिमलचौर, सिउरी काटे, गरजिने, थकलेनी, उपल्लो टोल, भिरपानी, दमाईटोल, माझटोल, डोटे गहिरा, डाडापारी टोल, कुडापानी, भुरके चौर र सिसि खोला, छेडापोखरी टोल, कार्तिके, साझ पाटो, माझ टोल, गरजिने, उपल्लो सिमलचौर र तल्लो सिमलचौर |
| २ | ढिकावन, मर्कावाङ, गरुले | गोलवाङ, धनचौर, रातापानी, मर्कावाङ, ढोडखोला, काभ्रे, ढिकावन, गरुले | ढाँडा, गोलवाङ, धनचौर, रातापानी, मर्कावाङ, पुक्रुक, ढोडखोला, काभ्रे, ढिकावन, पुक्रुक | धनचौर | किटा, रिपा, अविरे, भुल्के, गंगनपानी र तल्लो धनचौर, लेख, बदिरे चौर, थारकोट, धारातेजु, पाखापानी, गाहा टोल, ढोरखोला, रातापानी, खिरपाटा, सालघारी, सिमलगहिरा, सिरलिङ्गे, सौरेनीपानी, फुलिदेपाखा, कुहिपानी लेख, वडार, तारीवाङ्ग, खोकली चौर, कर्मचौर, चिदियार, चौके, मसेर, डविरनडाडा, धइरेनी, काभ्रे, गोरुले, बगुवा, साउनेपानी, डुरागमाले, ढाँडा र मौरी छेडा, खाला, पाँचसय डाडा, किटा, तारीवाङ, रिपा, अविरे, भुल्के, उपल्लो लेख, बदिरे चौर, थारकोट, धारातेजु, पाखापानी, गाहा टोल, ढोरखोला, रातापानी, खिरपाटा, सालघारी, सिमलगहिरा, सिरलिङ्गे, सौरेनीपानी, फुलिदेपाखा, कुहिपानी लेख, मर्कावाङ, भातमारे, पल्लोडाडा, सबागी टोल, धौखोला, पुक्रुकपानी, सिरलिङ्गे, दर्गा, अधेरी, तारीवाङ, कर्मचौर, मसेर, |

| वडा नं. | प्रकोपबाट जोखिमयुक्त टोल, बस्ती | | | | जम्मा बस्ती |
|---|---|---|---|---|---|
| | बाढी, | पहिरो | खडेरी | आगलागी | |
| | | | | | धइरेनी, ढिकावन, गोरुले, साउनेपानी, ढिकावन, गोरुले, बगुवा, डुरागमाले, मसुरेखोला का किनारमा रहेका खेत जोखिम |
| ३ | लामाचौर, स्याउली घारी, पुवालीटोल, बाहुनटोल, भलवायटोल, घर्तिटोल, दारीमचौर, जाबुनी, बगैचाटोल, बजारटोल, जस्पुर बेशीटोल, देविस्थान | सल्लीकोट, सल्लीबेशी, रिपाटोल, पहराचौर, भलवायटोल, घर्तिटोल, दारीमचौर, धरमपानीटोल, सिमलगैरा, जँवारी, तापखोला, धारीचौर, फापनीगैरा, पुनटोल, ठेडीटोल, बजारटोल, जस्पुर बेशीटोल, देविस्थान | सानचौर, आर्नेटोल, स्यानी दमार, बट्टार, गहतेरा सुनखोला, मट्टीखन्न, बुढाचौर, पल्लो मार्सिवाङ, तेर्छापाटा, सल्लीकोट, सल्लीबेसी, स्याउलीघारी, र्याले सालघारी, रिपाटोल, पहराचौर, तल्लोटोल, माझटोल दमाईटोल, दुँवारी, तापखोला, धारीचौर, फापनीगैरा, पुनटोला, ठेडीटोल, रानुटोल, गमटोल, पखरडाँडा, सौंरा, जस्पुरकोट टोल, रानुटोल,, पखरडाँडा टोल, | लामाचौर, सान्चौर, आर्नेटोल, स्यानी दमार, बुढाचौर, सल्लिकोट, सल्लीबेसी, तिमिलेटोल, टाकुराटोल, र्याले/सालघारी, पहराचौर, भलवायटोल, घर्तिटोल, दारीमचौर, धरमपानी टोल, सिमलगैरा, जुंवारी, तापखोला, धारीचौर, फापनीगैरा, सुनटोला, ठेडीटोल, पखरडाँडा, सौंरा, जस्पुरकोट टोल | **लामाचौर टोल विकास संस्था** (१०० घर), <br><br> **पोखराचौर टोलविकास संस्था** (सान्चौर १८ घर, आर्नेटोल १२ घर, स्यानी दमार ९ घर, बट्टार १७ घर, गहतेरा सुनखोला २१ घर, मट्टीखन्न १९ घर, बुढाचौर ५घर, पल्लो मार्सिवाङ ३० घर, तेर्छापाटा १३ घर, सल्लीकोट ६० घर, सल्लीबेसी ४० घर, स्याउलीघारी १५ घर), <br><br> **टार टोल विकास संस्था** (तिमिलेटोल ७ घर, बाहुनटोल ७ घर, टाकुराटोल ७ घर, गोठटोल २० घर, फर्केबाडी ४ घर, र्याले/सालघारी ८ घर), <br><br> **शिवशक्तिटोल विकास संस्था** (रिपाटोल २० घर, साहुटोल १० घर, योगीटोल १८ घर, माझटोल १० घर, पहराचौर २० घर, तल्लोटोल २५ घर, माझटोल/दमारटोल २५ घर, पुवालीटोल ६ घर, भट्राई टोल १२ घर, बाहुनटोल ६ घर, भलवाय टोल १५ घर, घर्तिटोल ८ घर), <br><br> **दारीचौर टोल विकास संस्था** (५० घर), <br><br> **आँपचौर टोल विकास संस्था** (धरमपानी टोल १२ घर, सिमलगैरा ८ घर, जुंवारी ४ घर, तापखोला ८ घर, धारीचौर ११ घर, फापनीगैरा ४ घर, सुनटोला १५ घर, ठेडीटोल १२ घर, |

| वडा नं. | प्रकोपबाट जोखिमयुक्त टोल, बस्ती | | | | जम्मा बस्ती |
|---|---|---|---|---|---|
| | बाढी, | पहिरो | खडेरी | आगलागी | |
| | | | | | रानुटोल ६ घर, गमटोल ८ घर, पखरडाँडा १ घर, सौंरा १ घर)<br>**जावुनी टोल विकास संस्था** ( जाबुनी ११ घर, बगैंचाटोल ४५ घर, बजारटोल १५० घर, जस्पुरबेसी टोल १५० घर, जस्पुरकोट टोल २५ घर, देविस्थान १०० घर) |
| ४ | धोवाघाट, नर्सु, सिरुवारी, चौरपानी, तिल्केनी | धोवाघाट, खजुरेटोल, डाडाकटेरी, भेडाबारी, धनचौर, गैराबारी, भुक्चौर, आपचौर, खरिन्डे, दक्सुने, बुटेनी, बुर्दी, भकुण्डे, बालुवा | धोवाघाट, धनचौर, भेडाबारी, गहिराबारी, खजुरे, डाडाकटेरी, सल्ली खर्क, सिरबारी, बान्नेटा, राजपोखरा, सिमलगैरा, गैराबारी, थापाटोल | धोवाघाट, खजुरे, आपचौर, डाडाकटेरी, सल्ली खर्क, सिरबारी, धनचौर, दक्सुने, बुटेनी | भेडाबारी, खजुरे टोल, पोखराधारा टोल, चिउपातल, बिच टोल, सुनानी थान, थानकोट, बाननेटा, मुख चौर, चोरपानी, तिल्केनी, जुकेपानी, राताटोल, ओखटे, रातो डाडा, उपल्लो बस्ती, रिपाटोल, नरसु, लेख खर्क, धन्नेरी टोल, तल्लो टोल थापा टोल, काली पोखरा, थामका टोल, कुटि चौर, तारेखसे टोल, जइने पोखरी टोल, चिउपातल, सिमल गहिरा, माझ टोल, औलडाडा, दोवाटो, माठपोखरा र थापा टोल, बालनेटा, चोरपानी, जुगेपानी, पोखरा धारा, बाझबारी, उपल्लो टोल, नरसु लेखखर्क |
| ५ | पारथुगाँ रुद्रपुर, गोलापुर, रम्दीबेसी, सिके, सिरुवारी | रानीवन ज्योति सिरवारी नयाँपाटा देउराली, चकचके, एकचोटे, कालीखोला | रम्दीकोट, चिसापानी र आपचौर सिखे, टाकुरा चेरनेटा,जुजेनेटा चिन,डुडडुङ्गे वायोडाडा चौरपानी सिरवारी साइटार टोल, एकचोटे, डुडडुडे | डुडडुङ्गे चिन वायोडाडा,सिरवारी सिखे कालिखोला, एकचोटे, चकचके | कालीखोला, एकचोटे, चकचके, साईटार, अदुस, चेरनेटा, जुजुनेटा, चिन, खड्काटोल, चोरपानी, बयडाँडा, सिरबारी, डुडडुडे, सिके, आपचौर, रुद्रपुर, रम्दीबेशी |

***स्रोत : वडा स्तरिय छलफल तथा अर्न्तक्रिया -२०७९***

## ३.५ विपद् सङ्कटासन्नता तथा क्षमता विश्लेषण

माण्डवी गाउँपालिका निरन्तर विपदका घटना भैरहने गाउँपालिका हो । यस पालिकामा भएर बाह्रै महिना बग्ने माण्डबी तथा लुंग्री नदी लगाएत लगायत स-साना खहरे खोलाहरुका कारण बर्षेनी पहिरो तथा बाढीको उच्च जोखिम रहेको छ

। तथा यस पालिकाको सम्पुर्ण भुभाग उच्च पहाडी तथा कमजोर भिरालो भएकोले पहिरोको उच्च जोखिममा रहेको छ । वर्षातका समयमा पालिकाका विभिन्न स्थानमा पहिरो जाने तथा नदी, खोलाका तटीय क्षेत्रमा वसोवास गर्ने समुदायहरु प्रायः बाढी तथा पहिरोका समस्या यस क्षेत्रका लागी नियमित जसो भैसकेको छ । यि प्रकोपका अलावा भुक्षय पनि यहाँको प्रमुख प्रकापका रुपमा रहेको छ ।

भिरालो तथा कमजोर भुवनोट भएका कारण वर्षेनी मलिलो माटो बगाएर लैजानाले कृषि उत्पादनमा ह्रास आएको छ । विपद जोखिमलाई ध्यान नदिई निर्माण गरिएका विकास निर्माणका कार्यहरु अर्को चुनौती रुपमा थपिएको छ । अव्यवस्थित रुपमा गरिएको सडक निर्माण तथा विस्तारले पहिरोको जोखिमलाई निकै बढाएको छ भने अर्को तर्फ अनियन्त्रित बन विनासले पनि समस्या निम्त्याएको देखिन्छ । यस गाउँपालिका अर्न्तगत रहेका बजार तथा ग्रामिण क्षेत्रका बस्ति बिना योजना स्वस्फुर्त रुपमा बस्न गएका तथा निर्माण गरिएका भौतिक संरचनाहरु पनि पुराना हुनका साथै विपद जोखिमलाई ध्यान नदिई निर्माण गरिएका कारण भुकम्पीय दृष्टिकोणले समेत उच्च संकटासन्न रहेको छ। यस गाउँपालिकाले सम्भावित विपद पुर्वतयारी तथा प्रतिकार्य क्षमतालाई सबै जोखिमयुक्त बस्ति तथा समुदाय सम्म बिस्तार गर्न नसकिएको अवस्था देखिएकोछ । विपदको जोखिम हुँदा हुँदै पनि केहि हद सम्म यस पालिकामा विभिन्न स्रोत साधनहरु रहेको पाईन्छ । यस पालिकामा भएका स्रोत साधनहरु लाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका १०: विपद् संकटासन्नता तथा क्षमता विश्लेषण

| विवरण | रहेको स्थान | अवस्था |
|---|---|---|
| प्राकृतिक (वनजंगल, चरण क्षेत्र, पानी, माटो, भूमी, आदि) | • सामुदायिक वन वडा नं. १ देखि ५ सम्म ४४ वटा रहेका छन् ।<br>• राष्ट्रिय बन वडा नं. ४ मा १ वटा<br>• प्रत्येक वडामा चरन क्षेत्र रहेका छन् ।<br>• यस गाउँपालिकामा वन जंगल भएका क्षेत्रमा पानीका मुहानहरु रहेका छन् ।<br>• गाउँपालिका प्रत्येक वडामा खेती योग्य एवं बाझो जमिन रहेको छ ।<br>• गाउँपालिकामा ढुगां, स्लेट, वालुवा गिट्टीका खानीहरु रहेका छन् ।<br>• गाउँपालिकामा सम्म परेका भुभागमा उब्जाउ जमिन रहेको छ ।<br>• गाउँपालिकामा भित्र माडी, झिम्रुक,अरडखोला, बागेखोला लगायत साना नदी तथा खोलाहरु रहेका छन । | यस गाउँपालिका भित्र पानीका मुहानमा पानी घट्ने क्रममा रेहेको छ । खोलाले जमिन कटानको समस्या बढ्दो रहेको छ । |
| भौत्तिक (बाटो, विजुली, संचार, गोवरग्यास, उर्जा, सामुदायिक भवनहरु, पुलपुलेसा आदि) | • सबै वडा लाई जोडने गोरेटो र घोरेटो बाटो रहेका छन् ।<br>• भालुवाङबाट माण्डवि हुँदै रोल्पा जोड्ने पक्की सडक, चेरनेटाबाट चिना हुँदै जाबुने, मदन भण्डारी मार्ग, कुमालटारबाट कोचिवाङ हुँदै रोल्पा तथा घोराहीबाट माण्डवि जोड्ने निर्माणधिन गरी ५ वटा मुख्य सडक रहेका छन ।<br>• वडा नं. १ देखि ५ सम्म सबै वडामा कच्चि सडक संजालले जोडेको छ ।<br>• गाउँपालिकाका सबै वडामा विद्युतिकरणको सुविधा पुगेको छ । | कच्चि तथा अव्यवस्थित ग्रामिण सडकले गर्दा बस्तीहरु तथा जमिन जोखिममा रहेको छ । कुनै कुनै वडाका सबै गाउँमा बिजुली विस्तार भै नसकेको तथा भएकामा पनी काठका पोलहरु सडेर बस्तीहरु जोखिममा रहेका छन । |

| | | |
|---|---|---|
| | • गाउँपालिका भित्र NTC ४ वटा र NCELL २ वटा टावरहरु रहेका छन । | |
| सामाजिक - (विद्यालय, मठ मन्दिर, चौतारो, गाउँपालिकामा विद्ययमान सामाजिक समुहहरु, स्थानीय रुपमा प्रचलित सामाजिक रितिरिवाज) | • सामुदायिक विद्यालय २६ वटा जसमा मा.वि. ५ वटा, आ.वि. ६ वटा, प्रा.वि. १५ वटा, बालविकास ८ वटा र २ वटा संस्थागत विद्यालय रहेका ।<br>• सुन्नानी मन्दिर, देविस्थान मन्दिर, त्रिबेणी मन्दिर | केहि विद्यालयका भवनहरु कच्चि तथा जिर्ण असस्थामा, सार्बजनिक पाटी पौवाहरु जिर्ण अवस्थामा, |
| मानविय (शिक्षक, स्वास्थ्य कर्मी, प्राविधिक जेटिए, सब ईन्जिनियर, प्रशासनिक क्षेत्रमा कार्यरत कर्मचारी, समुह र गैससमा आवद्ध व्यक्तिहरु ) | • भेटेनरी जे.टि.ए. ३ जना (पशु सेवा करार)<br>• स्वास्थ्यकर्मि २० जना स्थाई तथा २० जना करार गरी ४० जना<br>• इन्जिनियर १ जना, सबइन्जिनियर ६ जना तथा असिस्टेन्ट सबइन्जिनियर ७ जना गरी १४ जना रहेका छन ।<br>• प्रशासन क्षेत्रमा काम गर्ने स्थाई १० जना तथा करार १४ जना गरी २४ जना | |
| आर्थिक स्रोतहरु ( बचत तथा ऋण सहकारी संस्था, बैक, व्यापारीक प्रतिष्ठान एवं समुह, आय आर्जन हुने पेशामा आवद्ध व्यक्ति एवं समुहहरु) | • बचत तथा ऋण सहकारी ४ वटा, महिला सहकारी ५ वटा, बाणिज्य बैंक १ वटा, विकास बैंक १ वटा, लघुवित्त ३ वटा । | |

***स्रोत : माण्डवी गाउँपालिकाको पार्श्वचित्र २०७७ तथा वडा स्तरिय छलफल तथा अर्न्तक्रिया -२०७९***

## ३.६ विपद् जोखिम आँकलन तथा नक्शाङ्कन

माण्डवी गाउँपालिकामा पहिरो, बाढी, हावाहुरी, आगलागी, जंगली जनावर आतँक, कृषिमा रोगकिरा, खडेरी र चट्याङको उच्च जोखिम रहेको छ भने पहिरोका दृष्टिकोणले सवै भन्दा उच्च जोखिम रहेको छ। बिशेष गरि कमजोर भु-वनोट तथा भिरालोपना, अव्यवस्थित सडक विस्तार तथा स-साना खोल्सा खोल्सीका कारण वर्षातको समयमा पहिरो गई धनजनको क्षति गर्नुको साथै अन्नपात, बालीनाली तथा पशुचौपायामा समेत क्षति हुन सक्ने देखिएकोछ यसको साथै वन जंगलमा क्षती, जमिन खेतीयोग्य जमिन पुर्ने तथा पहिरोसंगै बगाएर लगेको र लैजाने हुने जोखिमको अवस्था रहेकोछ ।

## ३.७ जल तथा मौषम मापन केन्द्रको तापक्रम (न्युनतम र अधिकतम) तथा बर्षातको विवरण

सन् १९९० देखि २०१९ सम्मको तापक्रमको तथ्याङ्क हेर्दा माण्डवी गाउँपालिकाको औषत तापक्रम १७.१ डिग्रि सेल्सियस देखिन्छ जस अनुसार उच्चतम औषत तापक्रम २२.४ डिग्रि सेल्सियस र न्यूनतम औषत तापक्रम ११.९ डिग्रि सेल्सियस रहेको देखिन्छ (स्रोत : ERA5 Reanalysis Data) । १९९० देखि २०१९ सम्मको तापक्रम वर्षाको औसत विवरण चित्र ४ मा प्रस्तुत गरिएको छ ।




चित्र ४: गाउँपालिकाको १९९० देखि २०१९ सम्मको औसत तापक्रम तथा वर्षा

माण्डवी गाउँपालिकाको १९९० देखि २०१९ सम्मको औसत, अधिकतम तथा न्युनतम तापक्रमको प्रवृत्ति विश्लेषण गर्दा अधिकतम तापक्रम ०.००२२ डिग्रि सेल्सियस, औसत तापक्रम ०.०१८६ डिग्रि सेल्सियस, तथा न्युनतम तापक्रम ०.०२९८ डिग्रि सेल्सियस प्रति वर्ष बढिरहेको पाईएको छ । १९९० देखि २०१९ सम्मको तापक्रमको प्रवृत्ति चित्र ४ मा प्रस्तुत गरिएको छ ।



चित्र ५: गाँउपालिकाको सन १९९० देखि २०१९ सम्मको अधिकतम, औसत तथा न्युनतम तापक्रमको प्रवृत्ति

## ३.८ गाँउपालिकाको वर्षातको विश्लेषण

१९९० देखि २०१९ सम्मको बर्षको तथ्यांक अनुसार माण्डवी गाउँपालिकाको वार्षिक औसत वर्षा १२४९.१ मि. मि. हुने गरेको छ। सबैभन्दा वर्षा जुलाईमा (३४८.६ मि.मि.) हुने गरेको छ भने सबैभन्दा कम नोभेम्बर (०.९ मि. मि.) मा हुने गरेको छ (स्रोत : CHIRPS) । १९९० देखि २०१९ सम्मको महिना अनुसारको औसत वर्षाको विवरण चित्र ६ मा प्रस्तुत गरिएको छ। त्यसै गरि पालिकामा वार्षिक औसत वर्षा ११.२२ मि. मि प्रति वर्षका दरले बढिरहेको छ ।




चित्र ६: गाँउपालिकाको सन् १९९० देखि सन् २०१९ सम्मको वार्षिक वर्षाको प्रबृत्ति

## ३.९ प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विश्लेषण

नेपालमा जल तथा मौसम विज्ञान विभागले देशभर संचालनमा रहेका जलसतह तथा वर्षामापन (स्वचालित र म्यानुअल) उपकरणहरुवाट प्राप्त तथ्याङ्कहरुका साथै विभिन्न जल मौसम प्रारुपहरुको पूर्वानुमान नतिजाका आधारमा पूर्वानुमान तथा पूर्वसूचनाहरु सम्प्रेषण अन्तर्गतका वर्षा तथा पानीको सतह मापन केन्द्रहरुले दिएको जानकारीको आधारमा पूर्व सुचनाका संयन्त्रहरु विकास गरेको छ। वाढी पूर्वानुमान महाशाखाले मनसुन अवधिभर र अन्य समयमा निरन्तर रुपमा मौसम प्रणाली र नदिहरुको अनुगमन गरी पूर्वानुमान तथा पूर्वसूचना सेवा संचालन गर्दछ। जल तथा मौसम विज्ञान विभागले दैनिक मौसम पूर्वानुमान वुलेटिन, वाढी पूर्वानुमान वुलेटिन, विशेष मौसम तथा बाढीजन्य प्रणालीको प्रक्षेपण, विशेष मौसम वुलेटिन र बाढी अलर्ट मार्फत पूर्वसूचना दिने गरेको छ। विभागले ३ दिनको मौसम पूर्वानुमानको सूचना सम्प्रेसण गर्ने गरेको छ । यसका साथै विभागले संकटसन्न क्षेत्रका सरोकारवाला र स्थानियहरुको मोवाईल नम्वरको तथ्याङ्क राखि सतर्कता र सुरक्षित स्थानमा जानको लागि म्यासेज पठाउने व्यवस्था समेत गरेको छ । विभागको वेवसाईटमा गएर वाढीको लेवल हेर्न र सोहि अनुसार पूर्वतयारी गर्न सकिने व्यवस्था पनि रहेको छ। विभागले पूर्वसूचना तथा जानकारी प्राप्त गर्न सर्वसाधारणको लागि नेपाल टेलिकम र एनसेल प्रयोगकर्ताको लागि चौबिसै घण्टा निशुल्क टेलिफोन (११५५) सेवा समेत प्रदान गर्दछ।

माण्डवी गाँउपालिकाको समुदायहरु सम्म जल तथा मौसम विज्ञान विभागले दिएका पुर्वानुमानका पुर्वसूचनाहरु पुग्न सकिरहेको छैन। गाँउपालिकाले यस्ता सुचनाहरु गाँउ गाँउ तथा संकटासन्न वस्तिहरुसम्म पुऱ्याउन वडाहरु, जिल्ला, जल तथा मौसम विज्ञान विभागका कार्यलयहरुसँग सहकार्यमा आगामि दिनमा कार्यहरु गर्नुपर्ने देखिन्छ।

तालिका ११: जल तथा वर्षा मापन केन्द्रहरुको विवरण

| जलमापन केन्द्रको विवरण | | | |
|---|---|---|---|
| **नदी तथा स्थान** | **अवलोकनकर्ताको नाम** | **सम्पर्क नम्बर** | **अवस्था** |
| माडीखोला नयाँगाउँ | लक्ष्मण भट्राई | ९८४७८७४५४७ | संचालनमा |
| अरङ खोला | भुपेन्द्र अधिकारी | | संचालनमा |

## ३.१० सरोकारवाला संस्थाहरू

यस माण्डवी गाउँपालिका भित्र मानवीय सहायता क्षेत्रमा कार्यरत सरोकारवाला निकायहरुको विवरण तपशिलमा उल्लेख गरिएको छ :

तालिका १२: सरोकारवाला निकायहरुको विवरण

| सि.नं | निकाय | विषयगत क्षेत्र | कार्य क्षेत्र | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण |
|---|---|---|---|---|---|
| १ | माण्डवी गाउँपालिका | शिक्षा, स्वास्थ्य, कृषि, पशु, विपद व्यवस्थापन, खानेपानी, पुर्वाधार | | | |
| २ | नेपाल रेडक्रस सोसाईटी माण्डवी उपशाखा | स्वास्थ्य, विपद व्यवस्थापन | | शंकर आचार्य (सभापती) | 9857833432 |
| ३ | इलाका प्रहरी कार्यालय देविस्थान | संरक्षण, सुचना तथा खोज,उद्धार | | पदम रोकाया (प्रहरी नायब निरीक्षक) | 9866233180<br>9858090252 |
| ४ | वहु क्षेत्रिय पोषण शाखा | स्वास्थ्य तथा पोषण | | दाम बहादुर कार्की | ९८४७८६०००५ |
| ५ | नेपाल पत्रकार महासंघ | | | शशिधर भण्डारी (कार्य समिति सदस्य) | 9857836027 |
| ६ | जिल्ला उद्योग बाणिज्य संघ | | | बसन्त श्रेष्ठ (अध्यक्ष) | 9847866427 |
| ७ | गैसस महासंघ प्युठान शाखा | | | विजय श्रेष्ठ (अध्यक्ष) | ९८५७८३१६५० |
| ८ | फिर्ड्रो नेपाल प्युठान | | | मनोज बिक्रम सिंह (जिल्ला संयोजक) | 9851058445 |
| ९ | मल्लरानी ग्रा.वि.के | | | इन्द्र आउजी | 9848166490 |
| १० | | | | | |

## ३.११ विषयगत क्षेत्रहरू

यस गाउँपालिका अर्न्तगत पहिचान गरिएका बिषयगत अगुवा निकाय र सम्पर्क व्यक्तिहरुको विवरण यस प्रकार रहेको छ :

तालिका १३: विषयगत अगुवा निकाय र सम्पर्क व्यक्तिहरुको विवरण

| सि.नं. | विषयगत क्षेत्र | सदस्य संस्था | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | समन्वय, सुचना, संचार तथा खोज, उद्धार | सुचना प्रविधि शाखा | अनिल अधिकारी (IT शाखा प्रमुख) | 9843333165 |
| | | नेपाल रेडक्रस सोसाईटी माण्डवी उपशाखा | शंकर आचार्य (सभापती) | 9857833432 |
| | | इलाका प्रहरी कार्यालय देविस्थान | पदम रोकाया (प्रहरी नायब निरीक्षक) | 9866233180<br>9858090252 |
| | | नेपाल पत्रकार महासंघ प्युठान | शशिधर भण्डारी (कार्य समिति सदस्य) | 9857836027 |
| २ | स्वास्थ्य, पोषण | स्वास्थ्य शाखा | धुव्र कुमार पोखेल (प्रमुख) | 9857833233 |
| | | पोषण शाखा | दाम बहादुर कार्कि (प्रमुख) | 9847860005 |
| | | मल्लारानी | इन्द्र आउजी | 9848166490 |
| ३ | खानेपानी, सरसफाई तथा स्वच्छता | खानेपानी शाखा | कमल योगी (प्रमुख) | 9857833004 |
| ४ | खाद्य, कृषि, पशु तथा जिविकोपार्जन | कृषि शाखा | बिदुशा आचार्य (प्रमुख) | 9867953662 |
| | | पशु शाखा | कौशल अधिकारी (प्रमुख) | 9847974310 |
| | | लघु उद्यम बिकास शाखा | फुर्स बहादुर नेपाली (प्रमुख) | 9847896859 |
| | | फेड्रो प्युठान | मनोज बिक्रम सिंह (कार्यक्रम संयोजक) | |
| ५ | आश्रयस्थल, बन्दोबस्ती, तथा गैह्रखाध्य सामाग्री | भौतिक पुर्वाधार शाखा | ई. हेमराज बस्नेत (प्रमुख) | 9865450387 |
| | | प्रसाशन तथा जिन्सी शाखा | बलराम पौडेल (प्रमुख) | 9866506278 |
| | | नेपाल रेडक्रस सोसाईटी माण्डवी उपशाखा | शंकर आचार्य (सभापती) | 9857833432 |
| | | जिल्ला उद्योग बाणिज्य संघ | बसन्त श्रेष्ठ (अध्यक्ष) | 9847866427 |
| ६ | आपतकालिन शिक्षा तथा सर्वेक्षण | शिक्षा शाखा | तुल्सी कार्कि (प्रमुख) | 9847971677 |
| ७ | आपतकालिन संरक्षण तथा सामाजिक सुरक्षा | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा | सिता गौतम (प्रमुख) | 9847427751 |
| | | रोजगार शाखा | चन्द्र बहादुर कार्कि (प्रमुख) | 9847866883 |
| | | सामाजिक सुरक्षा शाखा | खिम बहादुर घर्ति (प्रमुख) | 9866925291 |
| ८ | शिघ्र पुर्नर्लाभ | प्रसाशन तथा जिन्सी शाखा | बलराम पौडेल (प्रमुख) | 9866506278 |
| | | नेपाल रेडक्रस सोसाईटी माण्डवी उपशाखा | शंकर आचार्य (सभापती) | 9857833432 |
| | | जिल्ला उद्योग बाणिज्य संघ | बसन्त श्रेष्ठ (अध्यक्ष) | 9847866427 |

## ४. सामान्य पूर्वतयारी योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि)

तालिका १४ : पुर्वतयारी योजना

| बिषयगत क्षेत्र | सामान्य पूर्वतयारीका कार्यहरू | जिम्मेवारी | स्रोत व्यवस्थापन | | | समय |
|---|---|---|---|---|---|---|
| | | | बजेट | आन्तरीक | वाह्य | |
| समन्वय, सूचना तथा खोज उद्धार क्षेत्र | यस पालिका क्षेत्रमा रहेका जल तथा बर्षामापन केन्द्रहरुको निर्माण, मर्मत सम्भार गरी अध्यावधिक गर्ने । | सुचना अधिकारी | जल तथा मौसम विज्ञान विभाग | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | जल तथा बर्षा मापन केन्द्रका अवलोकनकर्ताहरु तथा स्थानिय निकायका सरोकारवालाहरुको टेलिफोन नं. अद्यावधिक गर्ने । | सुचना अधिकारी | बजेट नलाग्ने | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | पालिका स्तरिय बाढी तथा पहिरो पूर्व सुचना संयन्त्र निर्माण गर्ने | सुचना अधिकारी | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | पुर्वसुचना र खोज तथा उद्धार टोली गठन गर्ने र तालिम प्रदान गर्ने । | सुचना अधिकारी | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना तथा सञ्चालन गर्ने । | सुचना अधिकारी | ५ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विपद्का क्षेत्रमा काम गर्ने सरोकारवालाहरुको नक्साँकन गर्ने । | सुचना अधिकारी | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | सबै विषयगत अगुवा कार्यालय तथा सदस्यहरुलाई जिम्मेवारीको जानकारी गराउने । | सुचना अधिकारी | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | आपतकालिन अवस्थामा सूचनाको प्रचार-प्रसारका लागी सञ्चार माध्यमको क्षमता वृद्धि र समन्वय प्रणाली बिस्तार गर्ने । | सुचना अधिकारी | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, र्मत, व्यवस्थापन गर्ने । | सुचना अधिकारी | १ लाख ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सम्पर्क सूची तयार गर्ने । | सुचना अधिकारी | बजेट नलाग्ने | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलमार्ग, आश्रयस्थल पहिचान तथा भौतिक पूर्वाधार र सेवाहरू निर्माण, बिस्तार गर्न समन्वय गर्ने । | सुचना अधिकारी | बजेट नलाग्ने | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | पहिरो, बाढी, हावाहुरी, भूकम्प, चट्याङ, खडेरी, आगलागी आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सो बाट बच्ने उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नका लागी बिकास साझेदारहरु लाई प्रोत्साहित गर्ने । | सुचना अधिकारी | २ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | खोज एव उद्धारको लागि भण्डारण गरिएको सामग्रीहरुको अवस्थाको जाँच गर्ने, थप आवश्यक भए व्यवस्था गर्ने । | सुचना अधिकारी | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विगतका विपदसम्वन्धि घटनाको आधारमा उद्धार गर्नुपर्ने स्थलको एकिन गर्ने र जोखिम नक्शाङ्कन गर्ने । | सुचना अधिकारी | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |

| बिषयगत क्षेत्र | सामान्य पूर्वतयारीका कार्यहरू | जिम्मेवारी | स्रोत व्यवस्थापन | | | समय |
|---|---|---|---|---|---|---|
| | | | बजेट | आन्तरीक | वाह्य | |
| | खोजी तथा सहज उद्धारका लागि आवश्यक पर्ने ठूला उपकरण **(Heavyequipment)** तथा औजारहरूको व्यवस्था गर्ने । | सुचना अधिकारी | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | घाईतेहरुको प्राथमिकताका आधारमा छिटो छरितो उपचारका लागि स्वास्थ्य संस्थाहरुसंग समन्वय गर्ने । | सुचना अधिकारी | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विपद्को समयमा प्रतिकार्यमा सहयोग उपलब्ध गराउने एकीकृत प्रणालीको विकास गर्ने । | सुचना अधिकारी | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने, गराउने । | सुचना अधिकारी | ४ लाख ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| **खाद्यन्न, कृषि, तथा पशु विषयगत क्षेत्र** | विपद्मा खाद्यान्न व्यवस्थापनका सम्भावित आपुर्तीकर्ता तथा खाद्य उद्योगहरु पहिचान गरि उपलब्ध हुन सक्ने सामग्री सहितको रोष्टर तयार गरि राख्ने साथै सामानको गुणस्तर सुनिश्चितताका लागी मापदण्ड तयार गरि राख्ने । | कृषि शाखा | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | जलवायु परिबर्तनबाट खाद्य सुरक्षा तथा जीविकोपार्जन क्षेत्रमा पर्ने असरबारे अभिमुखिकरण संचालन गर्ने | कृषि शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | सम्भावित विपद क्षेत्र नजिकका स्थानहरूमा गोदाम घर तथा पहिले नै सामान राख्न सक्ने ठाउँहरूको पहिचान तथा व्यवस्थापन गर्ने । | कृषि शाखा | ५ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | आपतकालिन अवस्थामा खाद्यान्न ढुवानीका लागी ट्रक व्यवसायी संघ, ट्रैक्टर व्यवसायी संघ तथा बस व्यवसायी समिति संग समन्वय गरि भैपरि आएका बेलामा उपलब्धताका लागी करार सम्झौता गर्ने । | कृषि शाखा | ५ हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | सम्भावित आश्रय स्थल सम्म बिपदका बेलामा सामग्री ढुवानीका लागी बैकल्पिक सडक मार्गको पहिचान गरि राख्ने । | कृषि शाखा | ५ हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विपद्को समयमा खाद्यान्न सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया बारे यस विषयगत क्षेत्रका सदस्यहरू वीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने । | कृषि शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| **आपत्कालीन आश्रयस्थल, बन्दोबस्ती तथा गैर** | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रयको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने । | भौतीक पुर्वाधार शाखा | १ लाख २० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | आपत्कालीन अवस्था आईपरेमा तुरून्त खरिद गर्न सकिने गरी आपुर्तीकर्ता पहिचान गर्ने । | भौतीक पुर्वाधार शाखा | ५ हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |

| बिषयगत क्षेत्र | सामान्य पूर्वतयारीका कार्यहरू | जिम्मेवारी | स्रोत व्यवस्थापन | | | समय |
|---|---|---|---|---|---|---|
| | | | बजेट | आन्तरीक | वाह्य | |
| **खाद्य सामाग्रि विषयगत क्षेत्र** | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको पहिचान गर्ने । | भौतीक पुर्वाधार शाखा | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | गैर-खाद्य सामग्रीहरू भण्डारण गर्ने साथै बिकास साझेदारहरुसंग भएको विवरण अद्यावधिक गर्ने । | भौतीक पुर्वाधार शाखा | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विपद् प्रभावित स्थान वा शिविर खडा गर्नुपर्ने स्थान सम्म सरसामान तथा औजारहरू लैजान सवारी साधनको व्यवस्था गर्न ट्रक, ट्रैक्टर तथा बस व्यवसायी समिति संग करार सम्झौता गर्ने । | भौतीक पुर्वाधार शाखा | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | अस्थायी आश्रय वा वास निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिबृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने । | भौतीक पुर्वाधार शाखा | २० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| **स्वास्थ्य तथा पोषण बिषयगत क्षेत्र** | विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने । | स्वास्थ्य शाखा | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | द्रुत प्रतिकार्य टोली (Rapid Response Team-RRT) र समुदायिक विपद प्रतिकार्य टोली (Community Disaster Response Team-CDRT) गठन गर्ने र क्षमता विकास गर्ने । | स्वास्थ्य शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | स्वास्थ्य भैपरी योजना (Health Contingency Plan-HCP) तयार गर्ने । | स्वास्थ्य शाखा | १ लाख ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने । | स्वास्थ्य शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | महामारी सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | कोभिड १९ रोकथामका लागी परिक्षणको दायरा बढाउने । | स्वास्थ्य शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | कोभिड १९ महामारी विरुद्ध जनचेतनामुलक अभियान सञ्चालन गर्ने । | स्वास्थ्य शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| **खानेपानी तथा सरसफाई बिषयगत क्षेत्र** | द्रुत प्रतिकार्य टोली (Rapid Response Team-RRT) र समुदायिक विपद प्रतिकार्य टोली (Community Disaster Response Team-CDRT) गठन गर्ने र क्षमता विकास गर्ने । | खानेपानी तथा सरसफाई शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | पानी शुद्धिकरण सामग्री तथा पलाष्टिक, बाल्टिन, जग आदि भण्डारण गर्ने । | खानेपानी तथा सरसफाई शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |

| बिषयगत क्षेत्र | सामान्य पूर्वतयारीका कार्यहरू | जिम्मेवारी | स्रोत व्यवस्थापन | | | समय |
|---|---|---|---|---|---|---|
| | | | बजेट | आन्तरीक | वाह्य | |
| | अस्थाई शौचालयका लागी आवश्यक सामग्रीको सम्भावित आपुर्तीकर्ता पहिचान तथा रोष्टर तयार गर्ने । | खानेपानी तथा सरसफाई शाखा | ५ हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने औषधिको उचित भण्डारण गर्ने । | खानेपानी तथा सरसफाई शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने । | खानेपानी तथा सरसफाई शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गर्ने । | खानेपानी तथा सरसफाई शाखा | २० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने । | खानेपानी तथा सरसफाई शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| **आपतकालिन शिक्षा तथा सर्वेक्षण विषयगत क्षेत्र** | शिक्षा शाखा र विद्यालयहरु बिच विपद सूचना प्रणालीको स्थापना गर्ने । | शिक्षा शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विद्यालयमा प्राथमिक उपचार कार्यदल गठन, तालिमको व्यवस्था र प्राथामिक उपचार सामाग्रि व्यवस्थापन गर्ने । | शिक्षा शाखा | १ लाख ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विद्यालयको संरचनागत र गैर-संरचनागत संकटासन्नता पहिचान गर्ने र न्युनिकरण गर्ने । | शिक्षा शाखा | ५ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामग्रीहरू भण्डारण गर्ने । | शिक्षा शाखा | १लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | हिमपातबाट विद्यार्थीमा हुनसक्ने प्रभावहरूको बारेमा विद्यालयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | शिक्षा शाखा | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | चट्याङबाट बच्न अपनाउनुपर्ने उपायबारे विद्यालयहरूमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने । | शिक्षा शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | योजना निर्माणमा सहयोग गर्नका लागि आपतकालिन अबश्थामा शिक्षा तालिम सम्बन्धि प्रशिक्षक प्रशिक्षण उपलब्ध गराउने । | शिक्षा शाखा | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विद्यालयमा सुरक्षित स्थानको पहिचान गर्न लगाउने । | शिक्षा शाखा | पैसा नलाग्ने | गाउँपालिका | संघसंस्था | २०८० भित्र |

| बिषयगत क्षेत्र | सामान्य पूर्वतयारीका कार्यहरू | जिम्मेवारी | स्रोत व्यवस्थापन | | | समय |
|---|---|---|---|---|---|---|
| | | | बजेट | आन्तरीक | वाह्य | |
| | द्रुत तथा विस्तृत सर्वेक्षणका लागि स्वयंसेवकहरुलाई अभिमुखिकरण गर्ने । | शिक्षा शाखा | २ लाख २५ हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विस्तृत सर्वेक्षणका लागि तालिम प्राप्त स्वयंसेवकहरुको रोष्टर तयार गर्ने । | शिक्षा शाखा | ५ हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | द्रुत तथा विस्तृत सर्वेक्षणका लागि फारम छपाइ गर्ने । | शिक्षा शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| **संरक्षण तथा सामाजिक सुरक्षा विषयगत क्षेत्र** | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे जानकारी पुस्तिका तयार एवं प्रकाशन गर्ने । | महिला तथा बालबालिका शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विपद्को समयका लागि अत्यावश्यक सेवाका सामग्रीहरू (जस्तैः डिग्निटि किट) खरिद गरी भण्डारण गर्ने । | महिला तथा बालबालिका शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | यौन तथा लैगिकता हिंसा सम्वन्धि अभिमुखिकरण गर्ने | महिला तथा बालबालिका शाखा | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विद्यालयका शिक्षकहरू र महिला स्वास्थ्य स्वय्सेविकालाई आधारभूत मनोसामाजिक परामर्श तालिम दिने । | स्वास्थ्य र शिक्षा साखा | ६ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विपद्को समयमा परिचालन हुने विषयगत क्षेत्रका सदस्यहरूलाई कृत्रिम घटना अभ्यास गर्ने । | महिला तथा बालबालिका शाखा | २ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| **शिघ्र पुर्नलाभ विषयगत क्षेत्र** | विपद् जोखिम न्यूनिकरणलाई स्थानीय तह देखि विकासको योजनामा मूलप्रवाहीकरण गर्ने | प्राविधिक शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | कटान तथा डुवान गराउन नदीहरुको अध्ययन गरी डाइभर्सन गर्ने र आवश्यक तटवन्ध गर्ने । | प्राविधिक शाखा | २० लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | नदी व्यवस्थापनको गुरु योजना तयार गर्ने । | प्राविधिक शाखा | ५ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | जोखिम संवेदनशिल भू-उपयोग योजना तयार गर्ने । | प्राविधिक शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | संभावित विपद् बाट विस्थापित हुन सक्ने परिवार आंकलन गरि अस्थाई स्थलको पहिचान गर्ने | प्राविधिक शाखा | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | जोखिम युक्त वस्तीहरुको स्थानानन्तरण गर्ने । | प्राविधिक शाखा | गा.पा. को निर्णय अनुसार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |

| बिषयगत क्षेत्र | सामान्य पूर्वतयारीका कार्यहरू | जिम्मेवारी | स्रोत व्यवस्थापन | | | समय |
|---|---|---|---|---|---|---|
| | | | बजेट | आन्तरीक | वाह्य | |
| | एकीकृत वस्ती विस्तारको अवधारणा कार्यान्वयन गर्ने । | प्राविधिक शाखा | गा.पा. को निर्णय अनुसार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |

## ५. पूर्वानुमानमा आधारित पूर्वतयारी योजना (पूर्वानुमान सम्भव हुने प्रकोपहरूको लागि)

माण्डवी गाउँपालिका अर्न्तगत नियमितरुपमा प्रभाव पार्ने प्रकोप पहिरो तथा बाढी रहेका छन । पहिरो तथा बाढीको पुर्वानुमानका लागी यस पालिका भित्र कुनै पुर्वसुचनाका संयन्त्र स्थापना भएको देखिएन । जल तथा मौसम विज्ञान विभाग फिल्ड कार्यालय तथा आधिकारीक सुचनाहरुलाई सम्बन्धित निकाय र संकटासन्न समुदायसम्म सम्प्रेषण गर्ने कार्य स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना नहुदासम्म अहिले जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रले गर्ने गरेकोछ भने माण्डवी गाउँपालिका अर्न्तगत स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना हुनु जरुरी छ ।

तालिका १५ : पूर्वानुमानमा आधारित पुर्वतयारी योजना

| बिषयगत क्षेत्र | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | जिम्मेवारी | बजेट | स्रोत व्यवस्थापन | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरीक | वाह्य | |
| **समन्वय, सूचना तथा खोज उद्धार क्षेत्र** | स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र सम्वन्धि क्षमता विकास गर्ने । | सुचना अधिकारी | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने । | सुचना अधिकारी | १५ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विपद प्रतिकार्यका लागी सबै विषयगत क्षेत्रहरूलाई तयारी अवस्थामा रहन आग्रह गर्ने | सुचना अधिकारी | ५ हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बस्ने आग्रह गर्ने । | सुचना अधिकारी | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | प्रभावित हुनसक्ने समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने । | सुचना अधिकारी | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | आवश्यकता अनुसार बाढी पुर्व सुचना प्रणाली स्थापना गर्ने । | सुचना अधिकारी | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |

| विषयगत क्षेत्र | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | जिम्मेवारी | बजेट | स्रोत व्यवस्थापन | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरीक | वाह्य | |
| | खोज तथा उद्धार टोली र क्षति सर्वेक्षण टोली तयारी अवस्थामा राख्ने । | सुचना अधिकारी | ५ हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | मनसुन पुर्व बाढी पुर्व सुचना सम्वन्धि कृत्रिम अभ्यास गर्ने । | सुचना अधिकारी | २ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| **खाद्यन्न, कृषि, तथा पशु विषयगत क्षेत्र** | विषयगत क्षेत्रका सदस्यहरुलाई सम्भावित विपद वारे तयारी अवस्थामा रहनका लागी जानकारी गर्ने । | कृषि शाखा | खर्च नलाग्ने | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | पहिचान गरिएका आपुर्तीकर्ता तथा खाद्य उद्योगहरुलाई सामान आपुर्तीका लागी तयारी रहन जानकारी गराउने । | कृषि शाखा | खर्च नलाग्ने | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विपद्को समयमा खाद्य सामग्रीहरू विपद् प्रभावित स्थानमा लैजान सवारी साधन तयारी अवस्थामा राख्ने र भण्डारण गरिएको खाद्य सामग्रीहरूको अवस्था निरिक्षण गर्ने । | कृषि शाखा | खर्च नलाग्ने | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | सम्भावित विपदवाट प्रभावित हुन सक्ने क्षेत्रका अति संकटासन्न समुहका व्यक्तिहरुको पहिचान गरि राख्ने । | कृषि शाखा | खर्च नलाग्ने | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| **आपत्कालीन आश्रयस्थल, बन्दोबस्ती तथा गैर खाद्य सामाग्रि विषयगत क्षेत्र** | सम्भावित विपद जोखिम वारे विषयगत क्षेत्रका सदस्यहरूलाई जानकारी गराउने | गा.पा. अध्यक्ष | खर्च नलाग्ने | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | आपतकालिन आवास तथा गैह्खाद्य सामग्री आपुर्तीकर्तालाई सम्भावित विपद जोखिम बारे जानकारी गराउने । | गा.पा. अध्यक्ष | खर्च नलाग्ने | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | अस्थायी आश्रय वा आवास निर्माणका सामग्रीहरू तथा औजारहरू तयारी गर्ने । | गा.पा. अध्यक्ष | खर्च नलाग्ने | गाउँपालिका | संघसंस्था | २०८० भित्र |

| बिषयगत क्षेत्र | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | जिम्मेवारी | बजेट | स्रोत व्यवस्थापन | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरीक | वाह्य | |
| | अस्थायी आश्रय वा आवास निर्माण सामग्री तथा औजारहरू ढुवानीको लागि सवारी साधन, निर्माण जनशक्ति तयारी अवस्थामा राख्ने । | गा.पा. अध्यक्ष | खर्च नलाग्ने | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | सम्भावित प्रभावित क्षेत्रमा पहिचान गरिएका सुरक्षित स्थानमा अस्थायी आवासको व्यवस्थापन बारेमा छलफल गर्ने । | गा.पा. अध्यक्ष | खर्च नलाग्ने | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| **स्वास्थ्य तथा पोषण बिषयगत क्षेत्र** | सम्भावित विपद जोखिम आँकलनका आधारमा स्वास्थ्य आपत्कालीन् योजना तयार गर्ने । | स्वास्थ्य शाखा | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | प्रभावित हुनसक्ने क्षेत्रका सम्भावित घाइते तथा बिरामीहरुका लागि प्राथमिक उपचारक र एम्बुलेन्स सेवा तयारी अवस्थामा राख्ने । | स्वास्थ्य शाखा | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विपद् प्रभावित स्थानमा लैजाने औषधी तथा उपकरणको अवस्थावारे अनुगमन गर्ने । | स्वास्थ्य शाखा | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | प्राथमिक उपचार र स्वास्थ्य सेवा उपलब्ध गराउने जनशक्ति र सवारी साधन तयारी अवस्थामा राख्ने । | स्वास्थ्य शाखा | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| **खानेपानी तथा सरसफाई बिषयगत क्षेत्र** | सम्भावित विपद जोखिम आँकलनका आधारमा खानेपानी तथा सरसफाई आपत्कालीन् योजना तयार गर्ने । | खानेपानी तथा सरसफाई शाखा | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | खानेपानी शुद्धिकरणका लागि पर्याप्त औषधि तथा प्रविधिको तैयारी अवस्थामा राख्ने । | खानेपानी तथा सरसफाई शाखा | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | खानेपानी वितरण र सरसफाईका आवश्यक सामग्रीहरु तैयारी अवस्थामा राख्ने । | खानेपानी तथा सरसफाई शाखा | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | अस्थाई शौचालय निर्माण सामग्री तयारी अवस्थामा राख्ने । | खानेपानी | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |

| विषयगत क्षेत्र | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | जिम्मेवारी | बजेट | स्रोत व्यवस्थापन | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरीक | वाह्य | |
| **आपतकालिन शिक्षा तथा सर्वेक्षण विषयगत क्षेत्र** | सम्भावित विपद जोखिम आँकलनका आधारमा शिक्षा भैपरी योजना तयार गर्ने । | शिक्षा शाखा | ५ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विद्यालयको गैरसंरचनाम्क जोखिम पहिचान गरी सुधार गर्न अनुरोध गर्ने । | शिक्षा शाखा | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विपद्को वेला के गर्ने र के नगर्ने भन्ने विषयमा विद्यार्थीलाई सचेत गर्ने । | शिक्षा शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विद्यालय निरन्तरता योजना तयार गर्ने । | शिक्षा शाखा | प्रति विद्यालय ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | अस्थाई सिकाई केन्द्र स्थापनाका लागी तयारीका लागि विद्यालयलाइ्र अनुरोध गर्ने । | शिक्षा शाखा | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | पर्याप्त सर्वेक्षण सामग्री तथा सर्वेक्षणकर्ताका बन्दोबस्ति र सुरक्षा सामग्रीहरु वितरण गर्ने । | शिक्षा शाखा | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| **संरक्षण तथा सामाजिक सुरक्षा विषयगत क्षेत्र** | तालिम प्राप्त मनोसामाजिक परामर्शकर्ताहरुको सुचि तयारी अवस्थामा राख्ने । | महिला तथा बालबालिका शाखा | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | विपद् प्रभावित स्थानमा लैजाने सरसामानहरू ( जस्तैः डिग्निटी किट, एडोल्सेन्ट किट आदि) तैयारी अवस्थामा राख्ने । | महिला तथा बालबालिका शाखा | १ लाख | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | महिला, बालालिका तथा बृद्धबृद्धालाई आवश्यक सुरक्षाको व्यवस्था मिलाउने । | महिला तथा बालबालिका शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| **शिघ्र पुर्नलाभ विषयगत क्षेत्र** | विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | प्राविधिक शाखा | ५० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |
| | अत्यावश्यक सेवा सुचारू गर्नका लागि भण्डारण गरिएका आवश्यक सामग्री तथा उपकरणहरू निरिक्षण गर्ने र दक्ष जनशक्ति तैयारी अवस्थामा राख्ने । | प्राविधिक शाखा | १० हजार | गाउँपालिका | संघसंस्था | २०८० भित्र |

## ६. आपत्कालीन प्रतिकार्य योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि)

### ६.१ समन्वय, सूचना तथा खोज उद्धार विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना

तालिका १६ : समन्वय, सूचना तथा खोज उद्धार विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना

| समय अवधि | प्रमुख गतिविधिहरु | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य |
| ०–१ घण्टा | • तत्काल सरोकारवाला सम्पर्क व्यक्तिहरुसँग सूचना लिने<br>• बर्षा तथा जलमापन केन्द्रका रिडरहरुसंग निरन्तर सम्पर्क गरी पहिरो तथा बाढीको सूचना सङ्कलन गर्ने<br>• सम्भाव्य प्रभावित समुदायहरुलाई विपद्को सूचना एफ एम रेडियो र टेलिफोन मार्फत आवश्यकताकोआधारमा प्रवाह गर्ने ।<br>• गाउँपालिका तथा समुदाय स्तरका विपद् व्यवस्थापन समितिसँग समन्वय गरी नियमित सूचना आदान-प्रदान गर्ने ।<br>• बिषयगत क्षेत्रहरुलाई तत्काल सूचना सम्प्रेषण गर्ने<br>• जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र **DEOC** मा प्रतिवेदन गर्ने ।<br>• उद्धार कार्यको लागि थप जनशक्ति र श्रोत साधन का लागि **DEOC /NEOC**मा तुरुन्त सुचना गर्ने ।<br>• अन्तर पालिकासंग समन्वय गर्ने ।<br>• पुर्वानुमानमा आधारित पहिरो तथा वाढी पुर्वसुचना अनुसार तयारी गर्ने । | सुचना अधिकारी | गाउँपालिका | संघसंस्था |
| १–७ घण्टा | • घाईतेहरुको विवरण लिई उपचारको ब्यवस्था मिलाउने ।<br>• बर्षातथा जलमापन केन्द्रहरुमा नियमित सम्पर्क गर्ने र सूचना सम्प्रेषण गर्ने ।<br>• बिषयगत क्षेत्रको बैठक गरी आ-आफ्ना केन्द्रिय निकायमा सूचना प्रवाह गर्ने र गर्न लगाउने ।<br>• जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रमा निरन्तर जानकारी गराउने । | सुचना अधिकारी | गाउँपालिका | संघसंस्था |
| ७–२४ घण्टा | • घाईतेहरुको विवरण अध्यावधिक गर्ने र उपचारको क्रमलाई निरन्तरता दिने ।<br>• उद्धार गरिएका व्यक्तिहरुको लगततयार गर्ने<br>• अन्य विषयगत क्षेत्रका क्रियाकलापमा समन्वय र सहयोग गर्ने ।<br>• प्रतिवेदन सम्बन्धित निकायमा पठाउन<br>• मोवाइल मार्फत IRA तथ्याक सकंलनगर्ने | सुचना अधिकारी | गाउँपालिका | संघसंस्था |
| २४–४८ घण्टा | • विपद्बाट प्रभावितहरुको लगत तयार गर्न समनवय गर्ने | सुचना अधिकारी | गाउँपालिका | संघसंस्था |

| समय अवधि | प्रमुख गतिविधिहरु | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य |
| ४८–७२ घण्टा | • खोज तथा उद्धार कार्यको लागि समन्वय र सूचनालाई निरन्तरता दिने । | सुचना अधिकारी | गाउँपालिका | संघसंस्था |
| ७२ घण्टा देखि ७ दिन | • प्रभावित तथा क्षतिको तथ्यांक अध्यावधिक गर्ने ।<br>• स्वास्थ्य शिविर सञ्चालनमा समन्वयात्म भूमिका निर्वाह गर्ने | सुचना अधिकारी | गाउँपालिका | संघसंस्था |
| एक साता देखि १ महिना भित्र | • समन्वय र सुचना व्यवस्थापन गर्ने ।<br>• सबै विषयगत क्षेत्रसंग निरन्तरसमन्वय गर्ने | सुचना अधिकारी | गाउँपालिका | संघसंस्था |

## ६.२ खाद्यान्न, कृषि तथा पशु विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना

तालिका १७ : खाद्यन्न, कृषि तथा पशु विषयगत क्षेत्रको आपतका लिन प्रतिकार्य योजना

| समय अवधि | प्रमुख गतिविधिहरु | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य |
| ०–१ घण्टा भित्र | • विपद्मा परेका घरधुरी तथा जनसंख्या पहिचान र प्रारम्भिक सूचना /तथ्यांक संकलन | कृषि शाखा | गाउँपालिका | संघसंस्था |
| २–७ घण्टा भित्र | • तथ्यांक संकलन तथा अध्यावधिक गर्ने कार्य र समन्वय गर्ने | कृषि शाखा | गाउँपालिका | संघसंस्था |
| ८–२४ घण्टा भित्र | • तथ्यांक संकलन तथा अध्यावधिक गर्ने<br>• प्रारम्भिक द्रुत सर्वेक्षण सम्पन्न गर्ने ।<br>• सूचना संकलन गर्ने<br>• अन्य निकाय तथा समितिसंग समन्वय गर्ने | कृषि शाखा | गाउँपालिका | संघसंस्था |
| २४–४८ घण्टा भित्र | • तथ्यांक संकलन तथा अध्यावधिक गर्ने<br>• सूचना संकलन गर्ने<br>• अन्य निकाय तथा समितिसंग समन्वय गर्ने | कृषि शाखा | गाउँपालिका | संघसंस्था |
| ४८–७२ घण्टा भित्र | • तथ्यांक संकलन तथा अध्यावधिक गर्ने<br>• सूचना संकलन गर्ने<br>• अन्य निकाय तथा समितिसंग समन्वय गर्ने | कृषि शाखा | गाउँपालिका | संघसंस्था |
| ७२ घण्टा देखि ७ दिन भित्र | • तथ्यांक संकलन तथा अध्यावधिक गर्ने<br>• सूचना संकलन गर्ने<br>• अन्य निकाय तथा समितिसंग समन्वय गर्ने<br>• पशु उपचार, रोग नियन्त्रण र रोकथाम कार्यहरुका लागी सम्बन्धीत निकाय संग समन्वय गर्ने । | कृषि शाखा | गाउँपालिका | संघसंस्था |
| ७ दिन देखि २ साता भित्र | • तथ्यांक संकलन तथा अध्यावधिक गर्ने<br>• सूचना संकलन गर्ने<br>• अन्य निकाय तथा समितिसंग समन्वय गर्ने | कृषि शाखा | गाउँपालिका | संघसंस्था |
| २ साता देखि १ महिना भित्र | • कृषि तथा पशु क्षेत्रमा परेको असरको बारेमा लेखाजोखा गर्ने,<br>• तथ्यांक तयार गरी प्रतिवेदन तयार गर्ने | कृषि शाखा | गाउँपालिका | संघसंस्था |

## ६.३ आपत्कालीन आवास, बन्दोबस्ती तथा गैर खाद्य विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना

तालिका १८ : आपत्कालीन आवास, बन्दोबस्ती तथा गैरखाद्य विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजन

| समय अवधि | प्रमुख गतिविधिहरु | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य |
| ०–१ घण्टा भित्र | • समन्वय गर्ने र क्लष्टर सदस्यलाई गैह्र खाद्य क्षेत्रको बैठकको सुचना दिने । | राहत वितरण समिति | गाउँपालिका | संघसंस्था |
| १–७ घण्टा भित्र | • गैह्र खाद्य क्षेत्रको बैठक बस्ने र गैह्र खाद्य सामग्रीहरुकोलेखाजोखा गर्ने । | राहत वितरण समिति | गाउँपालिका | संघसंस्था |
| ७–२४ घण्टा | • तत्काल आवश्यकताको आधारमा त्रिपाल तथा गैर खाद्य सामाग्री वितरण गर्ने । | राहत वितरण समिति | गाउँपालिका | संघसंस्था |
| २४–७२ घण्टा | • शिविरमा बसेका प्रभावित परिवारहरुलाई गैह्र खाद्य सामग्री बितरण गर्ने ।<br>• वालवालिका, विशेष परिस्थितिका महिला अपाङ्गताका लागि सरक्षण विषयगत क्षेत्रसग समन्वय गर्ने । | राहत वितरण समिति | गाउँपालिका | संघसंस्था |
| १ हप्ता भित्र | • LDMC बाट निर्णय गराई Detailed Assessment गर्ने<br>• घरधुरी तहको सर्बेक्षण गर्ने<br>• अन्य विषयगत क्षेत्रसग समन्वय गरि अगाडी वढ्ने<br>• बजारको संभाव्यता अध्ययन गर्ने | राहत वितरण समिति | गाउँपालिका | संघसंस्था |
| १ महिना सम्म | • अस्थायी आश्रय स्थल व्यवस्थापन गर्ने<br>• वासस्थानहिन परिवारलाई सुरक्षित वासस्थान निमार्ण शुरु गर्ने<br>• आवासका थप आवश्यकता परिपूर्ति गर्न निर्शत नगद<br>• सहयोगका गतिविधि संचालन गर्ने | राहत वितरण समिति | गाउँपालिका | संघसंस्था |

## ६.४ स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना

तालिका १९ : स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना

| समय अवधि | प्रमुख गतिविधिहरु | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य |
| ०–१ घण्टा भित्र | • सूचना आदान-प्रदान गर्ने गराउने | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| २–७ घण्टा भित्र | • सूचनाको आधारमा विपद् प्रभावित क्षेत्रमा उपचारमा सहयोग पुर्याँउन मद्दत गर्ने गराउने । | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| ८–२४ घण्टा भित्र | • विपद् प्रभावित क्षेत्रमा स्थानिय तहका प्रतिनिधिहरु, स्थानिय स्वास्थ्य कर्मीहरु, प्रहरीहरु र नेपाल रेडक्रस सोसाइटीका स्थानिय उद्धारकर्ताहरु सँग समन्वयगरी प्राथमिक उपचार सेवा पुर्‍याउने, स्वास्थ्य शिक्षा दिने, | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |

| समय अवधि | प्रमुख गतिविधिहरु | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य |
| २४–४८ घण्टा भित्र | • RRT को बैठक बसी विपदको क्षति आंकलन गर्न गराउन RRT लाई परिचालन गर्ने ।<br>• विपद् प्रभाविद क्षेत्रमा अस्थायी स्वास्थ्य शिविर स्थापना गरी स्वास्थ्य सेवा प्रदान गर्ने । | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| ४८–७२ घण्टा भित्र | • द्रुत सर्वेक्षणको तथ्यांकको आधारमा प्रभावितहरुको स्वास्थ्य सम्बन्धी आवश्यकताको पहिचान गर्ने गराउने | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| ४८–७२ घण्टा भित्र | • स्तनपान प्रर्बद्धन गर्ने र तयारी खानाको व्यबस्थापन र बितरण गर्ने ।<br>• किट्जन्य रोगहरुबाट बच्न तथा बचाउनको लागी किटनाशक झुल बितरण गर्ने गराउने | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| ७२ घण्टा देखि ७ दिन भित्र | • LDMC र सरोकारहरूको सहकार्यमा बैठक बसी प्रकोपको बारेको जानकारी तथा स्वास्थ्य सम्बन्धी संचालन गरिएका कार्यक्रम बारे सूचना प्रदान गर्ने ।<br>• जिम्मेवारी बांडफांड, अत्यावश्यकीय तथा स्वास्थ्य सेवा प्रदान, स्रोत परिचालन सुचना तथा जनचेतनामुलक सन्देशहरू प्रसारण गर्ने । | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| ७ दिन देखि २ साता भित्र | • बितरण गर्ने सामाग्रीहरुको अवस्थाबारे अनुगमन गर्ने<br>• नपुग भएको सामाग्रीहरुको उपलब्धता गर्ने र बितरण गर्ने | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| २ साता देखि १ महिना भित्र | • अनुगमन तथा निरिक्षण कार्यलाई निरन्तरता दिने । सरोकारहरूसंग बैठक, पूर्व तयारी कार्य योजनाको समिक्षा गर्ने<br>• सूचना तथा जनचेतनामुलक सन्देशहरू प्रसारण, समन्वय अत्यावश्यकीय स्वास्थ्य सेवा निरन्तरतादिने ।<br>• मध्यम शिघ्र कुपोषणको व्यवस्थापनको लागि थप आहार कार्यक्रम तथा कडा शिघ्र कुपोषणको व्यवस्थापन कार्यक्रम लाई निरन्तर्ता दिने<br>• सुक्ष्मपोषण तत्व कार्यक्रम अर्न्तगत बाल भिटा र भिटामिन ए वितरण गर्ने ।<br>• गर्भवती र सुत्केरी महिलाहरुका लागि आइरन फोलिक एसिड चक्कि वितरण तथा मातृ पोषण परामर्श प्रदान गर्ने | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |

## ६.५ खानेपानी तथा सरसफाई विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना

तालिका २० : खानेपानी तथा सरसफाई विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना

| समय अवधि | प्रमुख गतिविधिहरु | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य |
| ०–१ घण्टा भित्र | • सूचना आदान-प्रदान गर्ने गराउने | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |

| समय अवधि | प्रमुख गतिविधिहरु | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य |
| २–७ घण्टा भित्र | • सूचनाको आधारमा विपद् प्रभावित खानेपानी क्षेत्रमा सहयोग पुर्याउनमा मद्दत गर्ने गराउने । | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| ८–२४ घण्टा भित्र | • विपद् प्रभावित क्षेत्रमा स्थानिय तहका प्रतिनिधिहरु, स्थानिय उद्धारकर्ताहरु सँग समन्वय गरी पिउने पानी शुद्धिकरण गर्नको लागी वाटर गार्ड/प्यूस व्यवस्था गर्ने | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| २४–४८ घण्टा भित्र | • RRT को बैठक बसी विपदको क्षति आंकलन गर्न गराउन RRT लाई परिचालन गर्ने ।<br>• खानेपानी शुद्धिकरण गर्न सामाग्रीहरु वितरण गर्ने<br>• सरसफाई पानीजन्य रोगको बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| ४८–७२ घण्टा भित्र | • द्रुत सर्वेक्षणको तथ्यांकको आधारमा प्रभावितहरुको खानोपानी तथा सरसफाई सम्बन्धी आवश्यकताको पहिचान गर्ने गराउने<br>• सरसफाई पानीजन्य रोगको बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| ४८–७२ घण्टा भित्र | • सरसफाई पानीजन्य रोगको बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| ७२ घण्टा देखि ७ दिन भित्र | • LDMC र सरोकारहरूको सहकार्यमा बैठक बसी खानेपानी सम्बन्धी कार्यक्रम संचालनका लागि गरिएका सूचना संकलन गर्ने<br>• आश्रय स्थालहरुमा अस्थाई चर्पि र खानेपानीको धारा निर्माणमा सहयोग गर्ने | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| ७ दिन देखि २ साता भित्र | • बितरण गर्ने सामाग्रीहरुको अवस्थाबारे अनुगमन गर्ने<br>• नपुग भएको सामाग्रीहरुको उपलब्धता गर्ने र बितरण गर्ने | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |
| २ साता देखि १ महिना भित्र | • अनुगमन तथा निरिक्षण कार्यलाई निरन्तरता दिने । सरोकारहरूसंग बैठक, पूर्व तयारी कार्य योजनाको समिक्षा गर्ने | स्वास्थ्य शाखा | गाउँपालिका | संघसंस्था |

## ६.६ आपतकालिन शिक्षा तथा सर्वेक्षण विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना

तालिका २१ : आपतकालिन शिक्षा तथा सर्वेक्षण विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना

| समय अवधि | प्रमुख गतिविधिहरु | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य |
| ०–१ घण्टा भित्र | • विषयगत क्षेत्रकोबैठकको आह्वानगर्ने । | शिक्षा शाखा प्रमुख | गाउँपालिका | संघसंस्था |
| १–७ घण्टा सम्म | • प्रारम्भिक विवरण संकलन गर्ने<br>• थप क्षति हुन नदिन सूचना प्रवाह गर्ने | शिक्षा शाखा प्रमुख | गाउँपालिका | संघसंस्था |

| समय अवधि | प्रमुख गतिविधिहरु | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य |
| | • स्थानीय स्तरमा रहेको दक्ष जनशक्ति परिचालन गर्ने | | | |
| ८–२४ घण्टा | • सुरक्षित स्थानको पहिचान गर्ने<br>• शिक्षा कलस्टरको बैठक सञ्चालन गरी क्षेतिको प्रारम्भिक विवरणको विश्लेषण | शिक्षा शाखा प्रमुख | गाउँपालिका | संघसंस्था |
| २४–४८ घण्टा सम्म | • विद्यालय परिवार वडा कार्यालयको जनशक्ति परिचालन गरी क्षतिको विवरण संकलन र उद्दार कार्य निरन्तरता दिने | शिक्षा शाखा प्रमुख | गाउँपालिका | संघसंस्था |
| ४८–७२ घण्टा भित्र | • विद्यालयलाई विपदबाट प्रभावितहरुका लागि सेल्टरको रुपमा तयारी र व्यवस्थापन गर्ने | शिक्षा शाखा प्रमुख | गाउँपालिका | संघसंस्था |
| ७२–७ दिन सम्म | • विद्यालयलाई विपदबाट प्रभावितहरुका लागि सेल्टरको रुपमा तयारी र व्यवस्थापन गर्ने | शिक्षा शाखा प्रमुख | गाउँपालिका | संघसंस्था |
| ८ दिन देखि २साताभित्र | • बिद्यालय भित्र प्रभावितहरुको अवस्था लेखाजोखा गर्न शिक्षक, जुनियर रेडक्रसका तालिम पाएका विद्यार्थिलाइ स्वयम सेवक कोरुपमा परीचालन गर्ने । | शिक्षा शाखा प्रमुख | गाउँपालिका | संघसंस्था |
| २ साता-१ महिना | • आवश्यक्ता अनुसार पहिलो दिनको प्रकृया दोहर्याउने । | शिक्षा शाखा प्रमुख | गाउँपालिका | संघसंस्था |

